# धर्मकीर्ति


# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

आश्विन पूर्णिमा



ओखरपौवा गा.वि.स. अन्तर्गत कागती गाउँमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा संचालित निःशुल्क स्वास्थ्य शिविरमा बिरामीहरुको नाम दर्ता गरिँदै



कागती गाउँमा चिकित्सकद्वारा बिरामीहरूलाई [illegible] वितरण गर्दै रहेको दृश्य

DHARMAKIRTI

वर्ष- १८ अङ्क- ६ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

# सम्पादकीय

## बुद्धका केही मानविय विशेषताहरू

बुद्धको व्यक्तित्त्व सम्बन्धि अनुसन्धान गर्न त धेरै नै बांकी छ । हुन त पाली साहित्य अनुसार बुद्धको जस्तो व्यक्तित्त्व हुने व्यक्तिले मात्र बुद्धको व्यक्तित्त्व बारे जानकारी लिन सकिन्छ । तर विवेक बुद्धि र स्वतन्त्र मानविय चिन्तन भएको खण्डमा हामी जस्ता साधारण मानिसले पनि बुद्धको व्यक्तित्त्व बारे जानकारी हासिल गर्न सकिन्छ कि ? यो एक विचारणिय कुरो हो ।

पाली अर्थकथा सहित्य र बुद्ध जीवनीमा उल्लेख भए अनुसार बुद्ध एक त्यस्तो व्यक्तित्त्व भएको मानव हुनुहुन्छ, जसको मनलाई बाहिरी वातावरणले विचलित पार्न सक्दैन, मानो एक ढुंगाको मूर्ति जस्तै अचल र अटल । तर पाली त्रिपिटकहरू मध्ये सूत्र पिटक र विनय पिटक अध्ययन गरेर हेर्ने हो भने त्यस्तो देखिंदैन । बुद्धको जन्म लोकहितार्थ भने तापनि धम्मचक्क सूत्रको निदान महावग्ग र मज्झिम निकाय अनुसार विचार गर्नु पर्ने कुरा यसरी छन्– धेरै शाहस, आँट र बलियो मुटु सहितका सिद्धार्थकुमारले बुद्धत्त्व प्राप्त गर्नु भएको बेला समाजमा प्रशस्त मात्रामा छरिएका कमजोर बुद्धी भएका व्यक्तिहरूलाई सम्झी यसरी विचार गर्नुभयो – "मानिहरू स्वार्थी र असन्तुष्ट छन् । लोभलालच र तृष्णाले दूषित छन् उनीहरू । त्यसैले मैले धेरै दुःख सहेर प्राप्त गरेको बोधिज्ञान, सत्य धर्म धेरै गम्भीर भएकोले साधारण व्यक्तिहरूले त बुझ्न कठिन नै हुनेछ । प्रज्ञा र विवेक बुद्धि भएका विद्वान वर्गले मात्र यस शिक्षालाई बुझ्न सक्नेछन् । चार आर्य सत्य, प्रतित्य समुत्पाद हेतुफलवाद धर्म हो । तृष्णाको जालमा फसेका द्वेष भावनाले दूषित मानिसहरूले यस्तो गम्भिर ज्ञान बुझ्न सक्ला र ? उनीहरूले आ–आफ्ना सुखको लागि मात्र ध्यान दिनु बाहेक दुःखका कारणहरू पत्ता लगाउने विषयमा ध्यान दिन सक्ला र ? यस्ता कमजोर बुद्धि भएका व्यक्तिहरूलाई उपदेश दिनु त दुःख र कष्ट भोग्नु मात्र हुनेछ । त्यसैले उपदेश नदिइ एक्लै जंगलमा आनन्दपूर्वक बस्नु नै बेश होला भन्ने विचार गरी उहाँ हतोत्साही हुनुभयो । *– मज्झिम निकाय*

"किच्छेन मे अधिगतं हलं दानि पकासितुं, राग दोस परेतेहि नायं धम्मो सुसम्बुद्धो, पटिसोत गामिं निपुर्ण गम्भिरं दुद्दसं अणुं, रागरत्ता मदक्खिन्ति तमोक्खन्धेन आवटा" *– (महा वग्ग)*

संक्षिप्त भावार्थ– "मैले दुःख सहेर प्राप्त गरेको ज्ञान राग द्वेषले दूषित जनताले बुझ्न सक्ने छैननन् । अति गम्भिर छ यो । त्यसैले अब कसैलाई उपदेश नदिने ।"

पछि बुद्धको फेरि होश जाग्यो र आफूले आफैलाई अर्ती दिएर धर्म देशना कार्यमा लाग्नु भयो । यसरी यस घटनाले प्रष्ट्याउदै, बुद्धको शरीर ढुंगाको मूर्ति जस्तो अलौकिक होइन, बरु उहाँ एक मानव शरीर लिएर नै जन्मनु भएको विशेष गुणले भरेको व्यक्तित्त्व हुनुहुन्छ ।

बुद्ध जब ५५ वर्ष उमेरको हुनुभयो, तब भिक्षु संघ समक्ष भन्नुभयो– 'म दुर्वल भएँ, मलाई थकाई लाग्छ, अतः सधैं मसंग संगै बसेर सेवा गर्ने एक सेवक चाहियो ।" ५५ वर्ष उमेर पुग्नुहुँदा नै बुद्ध किन कमजोर हुनुभयो ? उहाँ बुद्ध हुनु अगावै शरीरलाई चाहिने मात्रामा खाना नखाई तपस्या कार्यमा लाग्नु भएको परिणाम स्वरूप उहाँलाई ५५ वर्ष पुग्ने वित्तिकै थकाईको महशूस हुन पुगेको हो । यस घटनाले पनि स्पष्ट पार्छ, बुद्धको शरीर मानव शरीर नै हो ।

बुद्धलाई एकपटक पेट दुखेको थियो । त्यसवेला जीवक वैद्यले कमलको फूलमा जुलाबको औषधी राखी उहाँलाई सुँघ्न दियो । फलस्वरूप बुद्धलाई धेरै पटक दिशा लाग्यो । अनि पेट दुखेको पनि निको भयो ।

बुद्ध परिनिर्माण हुनु भन्दा केही दिन अगाडि चुन्द नाम गरेको कामीले उहाँलाई सूकर मद्दव सहित भोजन दान दियो । तर बुद्धलाई त्यो भोजन पचेन । फलस्वरूप उहाँलाई आउँ पऱ्यो । र शारीरिक कष्ट भयो । (महापरिनिर्वाण सुत्त)

दुष्ट भिक्षु देवदत्तले राजगृह पर्वतबाट बुद्धलाई मार्ने नियतले ढुंगा प्रहार गरिदियो । तर बुद्धलाई ढुंगाले लागेन, ढुंगाको एक टुक्रा उछिट्टिएर आइ उहाँको पाऊमा परी सानो चोट लाग्यो । त्यही घाउ चर्कियो । जीवक वैद्यले औषधी गरी निको पारिदियो ।

त्यही देवदत्तले संघभेद गरिदियो । यसको कारणले बुद्धलाई दुःख लाग्यो । यस्तो कुराले अन्ध भक्तिमा लाग्ने बानी भएका व्यक्तिहरूलाई असजिलोपना महशूस हुनेछ । तर हामीले यसरी बुझ्न सक्छौं, बुद्ध शरीर ढुंगाको नभई मानव शरीर नै हो । त्यसैले उहाँको शरीर अलौकिक अवश्य पनि होइन ।

### विषय–सूचि


| | | |
|---|---|---|
| १) बुद्ध वचन | – | १ |
| २) आयाचितभक्त जातक | – प्रकाश बज्राचार्य | २ |
| ३) (कविता) नारी | – मिनु सिंह | २ |
| ४) श्रेष्ठोत्तम त्यागमय दान | – भिक्षु संघरक्षित | ३ |
| ५) लुम्बिनी : विदेशी ... ... ... | – डा. रामदयाल राकेश | ५ |
| ६) २. अन्तिम धर्म–दीक्षा | – डा. अम्बेडकर | ७ |
| ७) धम्मपद–१३१ | – रीना तुलाधर | ८ |
| ८) धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | | ८ |
| ९) जिं नं छगू पाप याये लाता | – ब.आ. कनकद्वीप | ९ |
| १०) (कविता) मैत्री भाव जोडौं | – सरोज उदास | १० |
| ११) भिक्षु संवेग कीर्ति | – अ. माधवी | ११ |
| १२) (कविता) चीवरे ख्वाँ थाइमखु | – भिक्षु सुशील | १२ |
| १३) (कविता) आस्रव त्यागौं | – दोलेन्द्र रत्न शाक्य | १६ |
| १४) धर्मकीर्ति विहार – गतिविधि | | १३ |
| १५) धर्म प्रचार – समाचार | | १७ |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४४
नेपालसम्वत् ११२०
इस्वीसम्वत् २०००
बिक्रमसम्वत् २०५७

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
**A Buddhist Monthly**

**SEPTEMBER, 2000**


| वर्ष- १८ | अङ्क- ६ | आश्विन | पूर्णिमा २०५७ |
|---|---|---|---|





★ अर्काको दोष र अर्काले के गऱ्यो के गरेन भनी हेर्नु भन्दा आफ्नो दोष र आफूले के गऱ्यो के गरेन भनी हेर्नु नै बेस छ ।

★★★

★ आफूले गरेको पापले आफैलाई अपवित्र पार्दछ, आफूले गरेको पुण्यले आफैलाई शुद्ध पार्दछ । शुद्धि हुने र अशुद्धि हुने आफ्नै मनबाट हो, कसैले अरू कसैलाई शुद्ध पार्न सक्दैन ।

★★★

★ पहिले अज्ञानी भएपनि जुन व्यक्ति पछि फेरि अज्ञानी हुँदैन त्यस्ताले यो लोकमा बादलबाट छुटेको चन्द्रमाले झैं तेज फैलाउँछ ।

Downloaded from http://www.dhamma.digital

# आयाचितभत्त जातक

✍ प्रकाश बज्राचार्य

घरबाट निस्किसक्यो परदेश जानलाई । बाटो संकट-युक्त । कतिपय मानिसहरू परदेश गएका फर्कन पाएका थिएनन् । जो फर्कन्थे, उनीहरू भाग्यशाली कहलाइन्थे । त्यस्तो विकट बाटो थियो । त्यस्तो विकट यात्रा थियो ।

त्यस्तो यात्रामा जान निस्केको थियो त्यो ब्राह्मण । घरमै मंगलकार्य पूरा गरी निस्केता पनि मनमा कतै कहीं भय लुकेको थियो । विकट स्थानबाट जोगिएर आउन सक्छु भन्ने आत्मविश्वास उसमा थिएन । त्यसैले जतिसक्यो उति बाहिरी भरोसा खोजिरहेको थियो उसले ।

घरबाट निस्क्यो । अगाडि थियो आँखाले नभ्याउने गरी लम्बिएको मार्गपथ । मार्गको शुरुवातमै एउटा ठूलो रूख थियो- वरको रूख । ब्राह्मण विस्तारै पाइला चालेर रूखतिर लागे । रूख अगाडि उभी आँखा चिम्ली मनैमन अठोट गरे– "हे वृक्ष देवता, यात्रा निर्विघ्न पारिदिनुस् । विकट यात्राबाट म निर्विघ्न फर्कन सकौं । यदि केही गरी म कुनै पनि विघ्न बाधा बिना यात्राबाट फर्कन सकेमा म तपाइँलाई थरिथरिका बलि दिनेछु । यो मेरो भाकल भयो । मेरो मनोकामना पूरा गरिदिनुस् प्रभु ।"

यात्रा निर्विघ्न भएमा वृक्ष देवतालाई बलि चढाउने अठोट गरेर ब्राह्मणले यात्राको लागि पाइला चाले ।

केही महिना बित्यो । नभन्दै त्यो ब्राह्मण सकुशल यात्राबाट फर्केछ । ऊ खुशी देखिन्थ्यो । यात्रा सफल थियो । यात्रा निर्विघ्न थियो । आफूले किरिया हालेको अनुसार ब्राह्मणले बोका, गाई, घोडा र हाँस ल्याई त्यो ठूलो वरको रूखको सामु बलि चढाउँछु भनेर आए । पूजा सामग्री पनि ल्याए । पशुहरूको भोग दिन तयार भयो ।

यतापट्टि त्यो रूखमा बस्ने वृक्ष देवता । उनी चकित थिए । ब्राह्मणको एकोहोरो बुद्धि देखी माया लाग्यो देवतालाई । ब्राह्मणको अगाडि प्रकट भई वृक्ष देवताले उपदेश दिए- "श्रद्धालु भक्तहरू ! किन तिमीहरू आफ्नो भविष्य सपार्नेतिर लाग्दैनौ ? पशुवध गरेर भविष्य सप्रिएला भन्ठानु मूर्खता हो । मूर्ख नबन । निरह पशुहरू मारेर भविष्य नबिगार । तिम्रो भविष्य तिम्रो हातमा हो, कुनै पशुको ज्यानमा छैन । भविष्य सपार्ने त्यसैले सुकर्म गर ।"

ब्राह्मण झसंग भयो । स्वयं वृक्ष देवताले आई यस्तो भनेकोले उसको आँखा खुल्यो ।

× × ×

**यो जातक कथा (एक ब्राह्मणको कथा जसले आफूले भाकल गरे सरह बलि दिन चाहेको थियो ।) भगवान् बुद्धले बलि प्रथाको विरोध गर्न भन्नुभएको थियो । यसमा वृक्ष देवता स्वयं बोधिसत्व थिए ।** ■

# नारी

✍ मिनु सिंह; *कक्षा-७*
*आदेश विद्या मन्दिर*

बालिका पनि हो समाजको एक अङ्ग
हुन नदिऊँ उसको सपनालाई भता भुङ्ग ।
उनको पनि सपना छ पढी-लेखी ज्ञानी हुने
ज्ञान आर्जन गरेर देशको विकास गर्ने ॥

त्यसैले साथी भाइहरू पढाउँ नारीलाई पनि
पुरुष सम्मान काम गर्न सक्छन् उनले पनि ।
हथकडी नलगाऊ उसका ती कोमल हातहरूमा
आँसु दह नजमाऊ उसका ती कोमल आँखामा ॥

नारीलाई किन हेप्छौ प्रिय दाजुभाई
उनी नै हुन् संसार सिर्जनाकी मूर्ति ।
नारी नै हुन् तिम्री आमा, दिदी, बहिनी
नारी पूजा गरी तिम्रो राष्ट्र विकास गर ॥

कमजोर नठान तिमी नारीलाई
सृष्टि सजाउने प्रतिमूर्तिलाई ।
नारीको मनको बुझी भावपूर्ण
सम्मान गर्न सिक नारीलाई ॥


Downloaded from http://www.dhamma.digital

# श्रेष्ठोत्तम त्यागमय दान

✍ भिक्षु संघरक्षित, संघाराम
"परियत्ति सद्धम्म पालक"

गौतम बुद्धका शुद्ध अनुयायी उहाँ एक भिक्षु थिए। बहुजन मात्रको हित एवं कल्याणको लागि बुद्धका सद्धर्म प्रचार-प्रसार गर्न, जनमानसमा मानवताको संचार गरी मानवीय गुणको जगेर्ना गर्न गाउँ-गाउँमा, नगर-नगरमा उहाँ भिक्षु चारिका गर्दै थिए। दुर्गम-विकट एक क्षेत्रको प्रांगनमा उहाँ भ्रमण गर्दै नै थिए, निरन्तर अधि-अधि हिंड्दै नै थिए।

अकस्मात ! एक महिला अगाडिबाट आएकी देखा परिन्- हेर्दै फोहरी र तल्लोस्तरको भैं आभाष मिल्ने। ती महिलाले लामो सुस्केरा हालिन् र टाउकोमा लागिएको भारी थचक्क बिसाइन्। तिनी गद्गद भइन्- भिक्षुको सुन्दर र ओजस्वी स्वरूपको दर्शन पाएर प्रफुल्लित भइन्। तिनको हात कम्मरमा बेरिएको पटुकामा पुग्यो। के-के हो छामछुम गर्दै क्षणभर भएको एक मुट्ठी मकै हातमा लिइन्। भित्री श्रद्धा एवं त्याग चित्तले उक्त मकै भिक्षुलाई दान दिन, अर्पण गर्न बिस्तारै अधि बढिन्।

अचानक ! ठीक यस्तै समयमा यत्रतत्रमा उपस्थित स्थानीय व्यक्तिहरूको चिच्याहट गुन्जिए -" ए, ए ! रोक, अधि नबढ। तँ जस्ती नीच् र अछुट जातकाले उहाँ जस्ता शीलवान् भिक्षुलाई दान दिन मिल्छ ? - मिल्दैन। त्यस्ती फोहरीले दान दिन खोज्ने ! जाउ-जाउ, खुरुक्क फर्केर जाउ, अन्यथा ... ... ... ... ..."

ती छुद्र वचनले तिनी दुःखित भइन्। आफ्नो मन पतित भएको महशुस गरिन्। तिनको अश्रुरूपी गमला ती सुन्दर आँखामा आँसु तल्पलाएको पनि प्रष्टै देखियो। बढिरहेको तिनको पाइला टक्क अडियो। अश्रुधारासंगै तिनी फरक्क फर्किन् र जान लागिन्। स्थानीय व्यक्तिहरूद्वारा श्रृजित जटिल असमञ्जस्यतामा, भेद-विभेदको चर्काचर्की वातावरणमा एक करुण आवाज तिनको कानले स्पर्श गरिन्- "उपासिका !"

आफै तिनी फरक्क फर्किन् र आवाजको स्वामीतिर दृष्टि पुऱ्याइन्। अचम्भित नयन संगै पनि तिनलाई बेस्सरी रुन मनलाग्यो। तिनले देखिन्- करूणाका खानी उहाँ भिक्षुले ती एकमुठी मकै ग्रहण गर्नको लागि केही भांडो नभएर आफ्नै लुगा (चीवर) को एक छेउ नै फैलाएर बसिराखेका छन्। तिनी हर्षले अत्यन्त प्रफुल्लित भइन्। हृदयदेखि स्वतः प्रस्फुटित श्रद्धा सुमनसंगै आफूसँग भएको एकमुठी मकै तिनले भिक्षुलाई दान दिइन्, भित्री मनले त्याग गरिन्। विचरा ! उपस्थित सम्पूर्ण व्यक्तिहरूको मुखमा तालाबन्दी भए।

यथार्थतः आफ्नो जीवनस्तर उकास्न र लोभ-लालचमय जीवनबाट अलग्गी दिनप्रतिदिन जीवनको सम्बर्द्धन र विकाश गर्दै लान पनि दान त दिनै पर्छ। हो, दान दिनु पर्छ तर दान श्रद्धा चित्तले दिन सक्नुपर्छ, त्याग चेतनाले दिन सक्नुपर्छ। यही त्याग एवं श्रद्धाले दान दिएकै कारण त ती महिलाको दान महान् बन्यो, श्रेष्ठ भयो, यद्यपि तिनले मात्र एकपुठ्ठी, हो, मात्र एकमुठ्ठी मकै दान गरेकी थिइन्।

दानः आफूसँग भएका, रगत-पसिना बगाएर कमाइएका धन-सम्पत्ति र चीजवस्तुहरू परको कल्याण एवं हितउपकारको लागि प्रसन्न चित्तले प्रदान गर्न सक्नु हो। त्यागः- आफूलाई चाहिने पनि नचाहिने पनि चीज-बस्तुहरू परजनको आवश्यकतालाई मध्यनजर गरेर निःस्वार्थताले दिन सक्नु हो। संसारमा दान धर्म छ, त्याग चित्तको उदार हृदय छ र त मान्छेहरू मान्छे भई मान्छेकै जीवन बाँच्न सक्षम हुन्छन्। परस्पर पनि मेलिमतोका साथ सौहार्दपूर्ण वातावरणको श्रृजना गरेर आनन्द र सुख-शान्तिको उज्यालो दुनियाँको निर्माण संभव हुन्छ। दान गर्न र त्यागी हुन प्रत्येक नरनारी प्रयत्नशील हुनैपर्छ। यो एक महान महापुरूषको गुण पनि हो। बिना त्याग र बिना दान मानव अस्तित्त्वको कल्पना पनि सम्भव हुँदैन भन्नुमा दुईमत नहोला।

आफ्नो आयआर्जन र क्षमता हेरे यथासक्य गच्छे अनुसार दान दिनु एक राम्रो परम्परा मान्न सकिन्छ। दान दिंदा बुझेर, यथार्थ कुरा जानेर गर्न सके अझ पुण्यकारी बनिन्छ। यो दान लिने र दिने प्रक्रिया कालान्तरदेखि जीवन्त रूपमा रहिआएको छ। तर पनि दान लिने ग्रहणकर्ता र दान दिने दायकको शुद्ध-अशुद्ध आचरण-व्यवहार र चित्तको चेतना हेरेर दानधर्म कार्यलाई पनि विभिन्न प्रकारमा विभाजन गरेका छन्। प्रमुखतः यहाँ चार किसिमका अवस्थाबारे उल्लेख गरिन्छ।

**१. दायकको तर्फबाट शुद्ध तर ग्रहणकर्ताको तर्फबाट अशुद्धः**

जो दान दिने दाता हो, त्यो व्यक्ति सदाचारी छ। उसको बानी व्यहोरा पनि राम्रो छ। ऊ धार्मिक पनि छ, शीलवान् पनि छ शीलमा प्रतिस्थित भएर दानधर्म पनि गर्छ। यस्तो निर्मल दानलाई शुद्ध दान भनिन्छ।



Downloaded from http://www.dhamma.digital

किन्तु जो दान प्राप्त गर्ने ग्रहणकर्ता हो, त्यो व्यक्ति भने दुश्शील छ, पापी छ, अधर्मी छ तथापि शील-सदाचार पनि यत्किञ्चित राम्रो छैन । यस्तो व्यक्तिले लिने दान अशुद्ध दान हुन्छ । यसरी: ग्रहणकर्ताको तर्फबाट दान अशुद्ध हुँदा पनि, दायकको तर्फबाट दान शुद्ध भएको कारणले उक्त दान-दक्षिणा फलदायक नै हुन्छ ।

**२. दायक अशुद्ध तर ग्रहणकर्ता शुद्धः**

जो दान लिने ग्रहणकर्ता हो, त्यो व्यक्ति शीलवान्, सदाचारी, धार्मिक एवं शीलमा प्रतिस्थित भएर दान ग्रहण गर्छ । यस्तो दान लिने दक्षिणा शुद्ध दान हुन्छ । किन्तु जो दान दिने व्यक्ति हो, त्यो व्यक्ति भने दुश्शील, भएर पनि ग्रहणकर्ताको दान शुद्ध भएकोले उक्त दान-दक्षिणा फलदायक नै हुन्छ ।

**३. दायक तथा ग्रहणकर्ता दुवै अशुद्धः**

जो दान दिने दायक हो तथा जो दान लिने ग्रहणकर्ता हो, दुवै पक्ष नै दुश्शील, पापी, अधर्मी एवं शील-सदाचार रहित छ भने उक्त दान दुवैको तर्फबाट नै अशुद्ध दान भएको हुन्छ । यसरी, दुवै तर्फबाट नै दानकार्य अशुद्ध बनिदिएकोले उक्त दान-दक्षिणा भने फलदायक हुन सक्दैन-हुँदैन पनि ।

**४. दायक तथा ग्रहणकर्ता दुवै शुद्धः**

दायक व्यक्ति र ग्रहणकर्ता व्यक्ति दुवैजना शीलवान्, सदाचारी, धार्मिक, परिशुद्ध आचरण एवं शीलमा प्रतिस्थित भएर दान लिने र दिने कार्य अवलम्बन गर्छन् त उक्त दानधर्म दुवैको पक्षमा शुद्ध र निर्मल दान भएको हुन्छ । यसरी दुवै तर्फबाट दानधर्म कार्य शुद्ध भइदिएको कारणले उक्त दान-दक्षिणा पनि निर्मल एवं महान् फलदायक हुन्छ । यस्तै दानकार्यको अवस्था श्रेष्ठोत्तम दान कहलाइन्छ, महान् आर्यफलको कारक हुन आउँछ ।

उहाँ तथागत् भगवान् बुद्धले मज्झिमनिकायको **"दक्षिणाविभङ्ग"** को धर्मोपदेश गर्ने क्रममा आज्ञा गर्नु भएका थिए-

**यो शीलवा दुस्सीलेसु ददाति दानं,**
**धम्मेन लद्धं सुपसन्नचित्तो ।**
**अभिसद्दहं कम्मफलं उलारं**
**सा दक्खिणा दायकतो विसुज्झती'ति ॥**

अर्थात:–

धर्म र श्रद्धाले प्रसन्न भएर जुन शीलवान्ले दुश्शीललाई पनि दान प्रदान गर्छ त उसलाई पनि महान्को राम्रो कर्मफल प्राप्त हुन्छ । दायकको उक्त दक्षिणा पनि शुद्ध भएर जान्छ ।

मिलिन्द महाराजाले नागसेन भन्तेलाई प्रश्न गर्नुहुन्छ– "कुन-कुन कारणले गर्दा पनि भिक्षुले आफ्नो दक्षिणा (दान) लाई शुद्ध गर्छ ?" "तब नागसेन भन्ते आज्ञा गर्नुहुन्छ–" महाराज ! भिक्षु दुश्शील भएर पनि उसले निम्नलिखित दश कारणले गर्दा आफ्नो दक्षिणालाई शुद्ध गर्दछ–

१. भिक्षु भेष धारण गरेर उसले आफ्नो दक्षिणालाई शुद्ध गर्छ ।
२. श्रमण-ऋषीहरू सरी भएर तथा केश खौरेर पनि उसले आफ्नो दक्षिणालाई शुद्ध गर्छ ।
३. भिक्षु संघमा सामेल भएर पनि उसले आफ्नो दक्षिणालाई शुद्धगर्छ ।
४. बुद्ध, धर्म र संघको शरणमा परेर पनि उसले आफ्नो दक्षिणालाई शुद्ध गर्छ ।
५. अर्हत् पद प्राप्त गर्ने उद्योग गर्न उचित परिस्थितिमा बसेर पनि उले आफ्नो दक्षिणालाई शुद्ध गर्छ ।
६. बुद्धधर्मको उच्चस्तरीय कुरा खोज्ने भएर पनि उसले आफ्नो दक्षिणालाई शुद्ध गर्छ ।
७. राम्रा-राम्रा धर्म देशना दिएर पनि उसले आफ्नो दक्षिणालाई शुद्ध गर्छ ।
८. धर्मलाई प्रकाशमा ल्याएर पनि उसले आफ्नो दक्षिणालाई शुद्ध गर्छ ।
९. बुद्धलाई सर्वश्रेष्ठ (अग्र) महामानव स्वीकार गरी आफ्नो दृष्टिलाई सीधा बनाएर पनि उसले आफ्नो दक्षिणालाई शुद्ध गर्छ ।
१०. उपोसथ ब्रत धारण गरेर पनि उसले आफ्नो दक्षिणालाई शुद्ध गर्छ ।

यसरी, महाराज ! भिक्षु दुश्शील भएर पनि उसले उपर्युक्त अनुसार दायकहरूको दक्षिणालाई शुद्ध गर्छ । महाराज ! जतिसुकै फोहर, हिलो, धुलो र मैलो हुँदा पनि पानीले सफा त गरिहाल्छ । महाराज ! त्यस्तै नै भिक्षु दुश्शील भएर पनि राम्ररी आचरण गरेर दायकहरूको दक्षिणालाई शुद्ध गर्छ ।

महाराज ! जसरी एकदम उम्लिरहेको पानीले पनि जलिरहेको आगोको रासलाई शान्त पार्न सक्छ, त्यसरी नै भिक्षु दुश्शील भएर पनि राम्ररी धर्माचरण गरेर पनि दाताहरूको दानलाई सफल तुल्याइदिन्छ ।

महाराज ! जसरी भोजन मिठो-नमिठो जस्तोसुकै भएर पनि उक्त खानाले भोकाएका व्यक्तिहरूको भोगकलाई शान्त बनाउन सक्छ । महाराज ! त्यसरी नै भिक्षु दुश्शील भएर पनि उसले राम्रा-राम्रा आचरण गरेर दायकहरूको दक्षिणालाई शुद्ध बनाइदिन सक्छ ।"★

★ मि.प्र. (२०५७) पृ. ३२७



Downloaded from http://www.dhamma.digital

# लुम्बिनी : विदेशी मुद्राको वर्षा हुन सक्छ

✍ डा. रामदयाल राकेश

हाम्रो देशको अतीत अत्यन्त गौरवशाली, महिमाशाली र वैभवशाली रहँदै आएको कुरो सर्वविदित छ, संसार विदित छ । हाम्रो देशलाई जगद्जननी जानकीको जन्मभूमि, राजशिरोमणि विदेहको पुण्यभूमि र 'एसियाको प्रकाश' सिद्धार्थ गौतमको मातृभूमि हुने गौरव एवं गरिमा प्राप्त छ । नेपालका हिन्दी कवि दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र' को शब्दमा :

**'यहीं बुद्धका जन्म हुआ था,**
**यहीं जनक-सा ईश पला था,**
**गुँज रहे उनके उपदेश,**
**यह तो दया धर्मका देश ।'**

तर दु:खको कुरा के छ भने हाम्रो नेपाल जुन दया र धर्मको देश छ, अहिले हत्या र हिंसाको देशमा परिणत हुन थालेको छ, परिवर्तित हुन थालेको छ । यो चाहिं चिन्तनीय, शोचनीय र मननीय कुरो हुन गएको छ । यो सबै देशभक्त विचारक, विद्वान् र बुद्धिजीवीहरूको चासो एवं चर्चा परिचर्चाको विषय हुन गएको छ । यसका पारम्परिक रूपको रक्षा गर्नका लागि, यसको प्राचीन गौरव र गरिमा अक्षुण्ण रक्षाको लागि, यसको मानमर्यादालाई कायम गर्नका लागि अविलम्ब हामीहरूले केही न केही अनिवार्य कदम चाल्नुपर्ने स्थितिको सिर्जना भइसकेको छ । यसमा जति हामी ढिलो गर्नेछौं, त्यति नै हामी पछुताउनुपर्ने स्थिति बन्दै जानेछ ।

लुम्बिनी जहाँ भगवान् बुद्धको जन्म भएको थियो, यसको सर्वाङ्गीण विकासका लागि लुम्बिनी विकास परिषद्को स्थापना भएको वर्षौं भइसक्यो । त्यस्तै राजा विदेशको प्राचीन नगरीको चतुर्दिक विकासका लागि जनकपुर विकास परिषद्को गठन पनि भएको धेरै भइसक्यो । तर दु:खको कुरा के छ भने अपेक्षित विकास न त लुम्बिनीको हुन सकेको छ, न त जनकपुरको । यहाँ संसार प्रसिद्ध बौद्धमार्गीहरूको पावन तीर्थस्थलको बारेमा केही कुरो भन्ने जमर्को गरिन्छ ।

सन् १९६५ मा संयुक्त राष्ट्र महासंघका तत्कालीन महासचिव ऊ थान्तको लुम्बिनी भ्रमणले गर्दा लुम्बिनी संसारको मानचित्रमा प्रसिद्धिको शिखरमा पुग्न गएको कुरा हामीलाई विदितै छ । योभन्दा पूर्व यसको पुरातात्त्विक उत्खनन धेरै पटक भइसकेको थियो । जापानी प्राध्यापक प्रो. टाँगेले लुम्बिनी र यसको परिसरको विकासको लागि नक्सा नै बनाएर हाम्रो सर कारलाई हस्तान्तरित गरिसकेको पनि धेरै भइसक्यो । जापानमा बौद्ध धर्मको प्रभुत्व भएकोले र प्रो. टाँगे स्वयं पनि कट्टर बौद्धमार्गी भएकाले लुम्बिनीको गुरूयोजना तयार गर्नमा तनमनले समर्पित व्यक्तित्व हुनुहुन्छ । तर यसको अपेक्षित विकास अहिलेसम्म नहुनुको लागि हामी नै दोषी हुन सक्छौं । मैले सर्वप्रथम २०३२ बि.सं. मा लुम्बिनीको भ्रमण गर्ने मौका पाएको थिएँ । त्यस बखतको लुम्बिनी र अहिलेको लुम्बिनीमा केही मात्रामा मात्र विकास हुनसकेको मैले यसपालिको लुम्बिनी भ्रमणमा पाएँ । मित्रराष्ट्रहरू चीन, जापान, कोरिया, थाइल्याण्ड, म्यानमार र श्रीलंका आदिले आ-आफ्ना राष्ट्रिय पहिचानअनुरूप अतिथि गृहहरूको निर्माण गर्दा लुम्बिनी परिसरमा केही भौतिक परिवर्तन भएको प्रतीत हुन्छ, तर लुम्बिनीमा निर्माणाधीन चक्रपथ अहिलेसम्म तयार हुनसकेको छैन । भर्खर-भर्खर लुम्बिनीको चारैतिर निर्माण हुने चक्रपथमा ग्रेभलिङ हुन थालेको देखिन्छ । २०३२ सालमा यसको रूपरेखा तयार भइसकेको मैले देखेको थिएँ । नेपाल भ्रमण वर्ष १९९८ ले पनि लुम्बिनीको विकासमा केही ठोस काम गर्न सकेन । दातृ राष्ट्रहरूबाट आएको आर्थिक अनुदान पनि मनग्यै मात्रामा भित्रिएको कुरो विभिन्न सरकारी सञ्चार माध्यमहरूबाट समय-समयमा सुनिन्छ, तर यहाँ केही अतिथि गृहहरू, केही होटलहरू एवं रेष्टुराँहरू बाहेक कुनै महत्त्वपूर्ण निर्माण हुन नसकेको प्रत्यक्षत: जोसुकै पर्यटकलाई थाहा हुन सक्छ । लुम्बिनी विकास परिषद्को क्रियाकलाप र गतिविधिहरू जहिले पनि विवादास्पद रूपमा विभिन्न पत्रपत्रिकाहरूमा नआएको पनि होइन ।



Downloaded from http://www.dhamma.digital

यो मुद्दा मूल्यांकन र पुनर्मूल्यांकनको हुन सक्छ, तर यसको सम्यक् एवं सर्वाङ्गीण विकासका लागि एउटा अन्तर्राष्ट्रिय विमानस्थलको आवश्यकता महसुस हुन थालिएको छ। लुम्बिनी दर्शनार्थ दर्शनार्थी, तीर्थयात्री र पर्यटकहरूको संख्या दिनानुदिन बढ्दै गएको छ। राजधानी काठमाडौंबाट भैरहवासम्म नेकोन एयर र बुद्ध एयरको दुई-दुईवटा र माउन्टेन एयरको एउटा जम्मा पाँचवटा उदान दिनहुँ भइराखेका छन्। त्यस्तै काठमाडौंबाट भैरहवासम्म दिवा र रात्रि बसको नियमित सेवा सञ्चालन भइराखेको छ। हवाई उडानमा धेरै घुइँचो हुन थालेको मैले आफू पनि यसपालि अनुभव गरेको छु। मेरो उडानको कन्फर्मेसनका लागि मैले धेरै समय खर्चिनुपऱ्यो। यसबाट के प्रष्ट हुन्छ भने हवाईयात्रीहरूको संख्या आशातीत रूपमा अभिवृद्धि हुन गएको छ। त्यस्तै म लुम्बिनी परिसरमा दुई घण्टा घुम्दा दर्शकहरूको घुइँचो हेर्दा म कम आश्चर्यचकित र बढी आनन्दित भएको थिएँ। तसर्थ भैरहवा विमानस्थललाई अविलम्ब अन्तर्राष्ट्रिय विमानस्थलमा परिणत गर्नु आवश्यक देखिन्छ। त्यहाँ अन्तर्राष्ट्रिय विमानस्थल हुनका लागि एघारवटा शर्तहरूमा दुईवटा शर्तहरू अहिले नै विद्यमान छन्, बाँकी ९ वटा शर्तहरू पनि पूरा गर्न सरकारलाई धेरै सोच्नुपर्ने स्थिति छैन, आवश्यक छ राजनीतिक प्रतिबद्धता र स्थानीय जनसहभागिताको। यसै सिलसिलामा हालसालै नागरिक उड्डयन प्राधिकरणको एउटा तकनिकी सर्वेक्षण दल सर्वेक्षण गर्नका लागि गएको थियो। सर्वेक्षण दलको बारेमा रूपन्देही जिल्लाको प्रमुख जिल्ला अधिकारी ज्ञानकाजी शाक्य भन्नुहुन्छ- 'यो सर्वेक्षण दलले स्थानीय वासिन्दाहरूलाई विश्वस्त र आश्वस्त तुल्याउनुको सट्टा झन् अन्योलग्रस्त मन:स्थितिमा तुल्याएर आएको छ।' उहाँको कथानानुसार सर्वेक्षण दलले स्थानीय वासिन्दाहरूलाई उल्टो पाठ पढाएर आएको छ। अन्तर्राष्ट्रिय विमानस्थलमा पर्ने जग्गाको मुआब्जा सरकारले दिँदैन रे! यस्तै-यस्तै नकारात्मक र निषेधात्मक कुरा गरेर स्थानीय वासिन्दाहरू निरूत्साहित र हतोत्साहित भएका छन्। यस्तो अन्यौलग्रस्त मन:स्थितिबाट स्थानीय वासिन्दाहरूलाई अविलम्ब मुक्त पार्ने स्थितिको सिर्जना गर्नुपरेको छ।

उहाँ अगाडि भन्नुहुन्छ, मित्रराष्ट्र श्रीलंकाका मा. रक्षामन्त्रीको लुम्बिनी भ्रमणको बारेमा माननीय मन्त्रीज्यूको मत के रहेछ भने यदि लुम्बिनी परिसरको यथासम्भव चतुर्दिक विकास हुन सक्यो र यहाँ अन्तर्राष्ट्रिय विमानस्थल छिटो बन्न सक्यो भने यहाँ 'लुम्बिनी डलर' आउने धेरै सम्भावना छ। अब खाँचो के कुराको छ भने क्षेत्रीयता र स्थानीयताको भावना छोडौं, सबै राजनीतिक दलको सहमति भएको खण्डमा लुम्बिनीको सर्वाङ्गीण विकास हुनमा शंका-उपशंका गर्ने ठाउँ छैन।

अन्तर्राष्ट्रिय विमानस्थलको बारेमा धेरे मत विभिन्नता छ र धेरै मानिसहरूको निहित स्वार्थ हुन सक्छ, तर मतमतान्तर र मतभिन्नतालाई तिजाञ्जली दिएर सर्वसम्मतबाट लुम्बिनीको परिसरमा अन्तर्राष्ट्रिय विमानस्थल बन्यो भने लुम्बिनीको विकासको साथसाथै यहाँ विदेशी मुद्राको वर्षा हुन सक्छ। यसमा कुनै शंका छैन। लुम्बिनीको विकास हुनु हाम्रो राष्ट्रको समग्र विकास हुनु हो। फेरि यसमा राजनीतिक रंग दिने कुरा नै उठ्नु नपर्ने हो। विदेशी मुद्राको संचिति बढेको खण्डमा देशको आर्थिक स्थिति सुध्रिने हो। फेरि यसमा मतमतान्तर र मतभिन्नता किन ?

लुम्बिनीमा भगवान् बुद्धको जन्म भएकाले विश्वका सबै बौद्ध धर्मावलम्बी देशहरू दिल खोलेर खर्च गर्नका लागि तम्तयार हुन सक्छन् र अहिले पनि सहायता गरिराखेका छन्। यस लाभबाट हामी किन लाभान्वित नहुने ? मेरो व्यक्तिगत अनुभव के छ भने यी सबै बौद्ध धर्मावलम्बी देशका मानिहरू बुद्धको जन्मभूमि हेर्ने धोको लिएर बसेका छन्। मैले बुझेअनुसार उनीहरू जीवनमा एकचोटि लुम्बिनी दर्शनका लागि आजीवन लालायित हुन र यस तीर्थाटनका लागि अर्थसञ्चय पनि गर्दारहेछन्। यो लाभ र यो सुविधा देशको अन्यत्र ठाउँमा अन्तर्राष्ट्रिय विमानस्थल बन्यो भने हामी पाउनमा असमर्थ हुनेछौं। तसर्थ भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल बन्नु अति आवश्यक छ। यसबाट आन्तरिक र अन्तर्राष्ट्रिय पर्यटन प्रबद्धनमा पनि धेरै ठूलो सहयोग पुग्नेछ र यहाँ वास्तवमा विदेशी मुद्राको वर्षा हुनु निश्चित छ। ■



Downloaded from http://www.dhamma.digital

# २. अन्तिम धर्म- दीक्षा

✍ डा. अम्बेडकर
*अनुवादक: ललितरत्न शाक्य*

१. सुभद्र परिव्राजक कुसीनारामा बसेका थिए ।" "आज राती अन्तिम प्रहरतिर तथागत परिनिर्वाणमा प्राप्त हुनुहुनेछ," भन्ने कुरा सभद्र परिव्राजकले सुने । त्यसपछि सुभद्र परिव्राजकको मनमा एउटा विचार उठ्यो–

२. "मैले वयो बुद्ध परिव्राजकहरूबाट– गुरू तथा शिष्यहरूबाट सुनेको छु, संसारमा तथागत, अर्हत, सम्यक् सम्बुद्ध दिनहुँ जन्मिदैनन् । आजै राती अन्तिम प्रहरमा श्रमण गौतमको परिनिर्वाण हुनेछ । अब मेरो मनमा एउटा शंका उठेको छ । मलाई श्रमण गौतममाथि विश्वास छ, उहाँले उपदेश दिन सक्नुहुन्छ ।"

३. त्यसपछि सुभद्र परिव्राजक छोटो बाटो भएर मल्लहरूको साल वनमा पुगे । आनन्द स्थविर बसेको ठाउँमा गएर भने, "आनन्द स्थविर ! एकै छिनको लागि तथागतको दर्शन गर्न पाउँथे ।"

४. सुभद्रको अनुरोध सुनेपछि आनन्दले भने, "सुभद्र ! भइगो, अब तथागतलाई कष्ट नदेऊ । उहाँ अहिले विश्राम गरिरहनु भएको छ र ज्यादै थाक्नुभएको छ ।"

५. सुभद्र परिव्राजकले आफ्नो अनुरोध दुई, तीन पटक दोहऱ्याए, तीनैपटक आनन्दले त्यही एउटै उत्तर दिए ।

६. आनन्द स्थविर र सुभद्र परिव्राजक-दुईजना बीचको कुराकानी तथागतले सुन्नुभयो । उहाँले आनन्द स्थविरलाई बोलाएर भन्नुभयो, "आनन्द ! सुभद्रलाई नरोक । उनलाई यहाँ पठाइदेउ । सुभद्रले जे जति पनि प्रश्न गर्लान्, उसले केही कुरा जान्नको लागि नै गर्लान्, मलाई कष्ट दिने उद्देश्यले गर्ने छैनन् । मैले जवाफ दिएको कुराहरू पनि उनले छिटै बुझिहाल्ने छन् ।"

७. अनि आनन्द स्थविरले सुभद्र परिव्राजकसँग भने, "सुभद्र ! भित्र आऊ । तथागतले अनुमति दिनुभयो ।"

८. सुभद्र परिव्राजक तथागत समीप पुगे । अभिवादन गरेपछि र स्वास्थ्य समाचार सोधेर एकातिर बसे । यसरी बसेपछि सुभद्र परिव्राजकले प्रश्न गरे–

९. "श्रमण गौतम ! यी जति पनि श्रमण ब्राह्मणहरू छन्- तिनीहरूका पछाडि जमात छन्, तिनीहरू गणाचार्य छन्, प्रसिद्ध छन्, मतहरूका संस्थापकका रूपमा चिनिन्छन्, जगत्ले तिनीहरूलाई धर्मात्मा भनी मान्दछन्, जस्तै कच्चायन, सञ्जय, बेलट्ठी-पुत्र तथा निगण्ठनाथपुत्र, यिनीहरू सबैले - स्वयं ज्ञान प्राप्त गरेका हुन् वा होइनन्, किनभने तिनीहरूले यस्तै भन्ने गर्दछन् ? के तिनीहरूमध्ये कसैले गरेनन् ? अथवा कसैले ज्ञान प्राप्त गरे वा कसैले गरेनन् ?"

१०. "सुभद्र ! कसैले पनि ज्ञान प्राप्त गरेको छ वा छैन भन्ने भ्रममा नपर । म तिमीलाई धर्मको उपदेश दिन्छु । यसलाई ध्यान दिएर सुन । यता मन लगाऊ । म भन्छु ।"

११. "भगवान् ! अति उत्तम" भनेर सुभद्रले तथागततिर ध्यान दिए । त्यसपछि तथागतले भन्नुभयो -

१२. "सुभद्र ! जुन धर्म-विनयमा (=मत) आर्य अष्टांगिक मार्ग हुँदैन, त्यसमा कुनै श्रमण पनि हुँदैन । जुन धर्म-विनयमा आर्य अष्टांगिक मार्ग हुन्छ त्यसमा श्रमणहरू पनि हुन्छन् ।"

१३. "सुभद्र ! तथागतको धर्म-विनयमा आर्य-अष्टांगिक मार्ग छ । यसकारण तथागतको धर्म-विनयमा चार किसिमका श्रमणहरू पनि छन्- स्रोतापन्न, सकृदागामि, अनागामि र अर्हत । अन्य धर्ममा श्रमणहरू हुँदैनन् । तर सुभद्र ! यदि यस धर्म- विनयमा सम्यक्जीवीहरू भए भने संसार कहिले पनि अर्हतहरूबाट शून्य हुनेछैन ।"

१४. "म उनन्तीस वर्षको उमेरमा कल्याण पथको पथिक बनें ।"

१५. "सुभद्र ! अब पचास बर्षभन्दा बढी भइसक्यो, मैले सद्धर्मको पक्ष ग्रहण गर्दै आइरहेको ।"

१६. तथागतले यति भनिसक्नु भएपछि सुभद्र परिव्राजकले भने, "आश्चर्य छ, श्रमण गौतम ! अद्भुत छ श्रमण गौतम । ■



Downloaded from http://www.dhamma.digital

# धम्मपद-१३१

✍ रीना तुलाधर
"परियत्ति सद्धम्म कोविद"

**अत्तना व कतं पापं- अत्तजं अत्त सम्भवं**
**अभिमन्थति दुम्मेधं-वजिरं वस्मयं मणिं**

**अर्थ-** आफूले गरेको कर्मफल आफैले भोग्नु पर्छ, आफूले गरेको पाप-कर्मले दुर्बुद्धि भएको मानिसलाई जसरी ढुंगाबाट निस्केको हिराले नै काँच आदिलाई टुक्रा टुक्रा पारीदिन्छ त्यसरी नै आफूले गरेको पाप कर्मले विनाश गरीदिन्छ ।

**घटना-** उपरोक्त गाथा भगवान बुद्धले जेतवन महाविहारमा बास गरीरहनु भएको बेला महाकाल नामको स्रोतापन्न भईसकेको उपासकको कारणमा भन्नु भएको थियो ।

एकदिन उपोसथ व्रतको दिन महाकाल उपासक जेतवन महाविहारमा आएर अष्ट शील ग्रहण गरी दिनभर विहारमै बसे । रातभरि धर्मश्रवण गरे । त्यसै राती शहरमा एउटा घरमा चोरहरूको एउटा समूहले एउटा घर भित्र भित्ता फोडी धनमाल चोरेर लगे । घरका मानिसहरूले चोरहरू आएर चोरेको चाल पाएपछि चोर हरू भेटाउन पछि पछि डौडे । चोरहरू यताउति भागे । ती मध्ये कोही चोरहरू जेतवन विहार भएको तिर पनि भागेर गए । महाकाल उपासक बिहान सबेरै जेतवन विहारबाट फर्केर आएर विहार नजिकैको पोखरीमा मुख-धुन गए । भागेर आएका चोरहरूले त्यहिं पोखरी निर चोरी ल्याएका सामान फ्याँकी त्यहाँबाट भागे । महाकाल उपासक मुख धोएर पोखरीबाट माथि आइरहेको बेला लखेत्दै आएका घरका मालिकहरूले धनमालसँगै महाकाल उपासकलाई देखेपछि तिनलाई चोर भनी ठानी बेस्करी चुटे । महाकाल उपासकको त्यहिं नै मृत्यु भयो । बिहान पानी लिनको लागि जेतवन महाविहारबाट भिक्षु तथा श्रामणेहरू त्यहिं पोखरीमा आए । महाकाल उपासकलाई त्यसरी मृत अवस्थामा देखेर उनलाई चिनी भिक्षुहरूले दु:ख माने ।

विहारमा फर्केर ती भिक्षु तथा श्रामणेरहरूले भगवान बुद्ध सामू आएर भने "शास्ता ! हिजो दिनभरी उपोसथ व्रत पालन गरेर धर्म श्रवण गरेर आज बिहानपख तिर मात्र फर्केका महाकाल उपासक यस्तो दुर्गति भएर मऱ्यो, यस्तो नहुनु पर्थ्यो," भगवान बुद्धले भन्नुभयो- "भिक्षुहरू ! महाकाल उपासकले यस जन्ममा गरेका पुण्य कर्महरू अनुसार त उसले यस्तो मृत्यु नपाउनु पर्थ्यो । तर सत्य कुरा यो हो कि उसले आफ्नो कुनै एक पूर्वजन्ममा गरेको पापको फलको कारणले उसले यो जन्ममा यस्तो विपाक भोग्नु पऱ्यो ।"

भिक्षुहरूको आग्रहमा भगवान बुद्धले महाकाल उपासकको पूर्व जन्मको कथा पनि सुनाउनु भयो । एक जन्ममा उनी सिपाहीहरूको हाकिम भएर दरबारमा काम गर्थ्यो । त्यस हाकिमले एकदिन कुनै अर्को व्यक्तिको राम्री स्वास्नीलाई देखेर त्यो अर्काकी स्वास्नीलाई पाउन जाना जानी षडयन्त्र गरेर लोग्ने चाहिँलाई चोर भनी पकडाउन लगाए । आफैले जानाजानी षडयन्त्र गरेर लोग्नेचाहिँलाई चोर नभएकोलाई चोर ठहराई महाराजबाट मृत्यु दण्ड दिन लगाए । यसै पापकर्मको कारणले यस जन्ममा सम्म पनि बाँकि रहेको विपाक भोगेर गए ।

यसरी महाकालको पूर्वजन्मको कथाको सन्दर्भ मिलाई भगवान बुद्धले भन्नुभयो- "भिक्षुहरू ! सत्व प्राणीहरूको आफैले गरेको पापकर्मले गर्दा नरक भोग गर्नु पर्छ ।" यसरी उपदेश दिएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■


**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. ३३६
*रुद्र बहादुर विश्वकर्मा*
पुतली बजार नगर पालिका
स्याङ्गजा बजार (ग.अ.), वडा नं. १, स्याङ्गजा
रू. १०००/-


क्र.सं. ३३७
*ज्ञान देवी तुलाधर*
लाल-दरवार
रू. ११००/-

क्र.सं. ३३८
*निल शोभा तुलाधर*
पुल्चोक, ललितपुर
रू. १०००/-





Downloaded from http://www.dhamma.digital



# जिं नं छगू पाप याये लात

ब. आ. कनकदीपया

## कन्फेशन

**जिं थौं वा: चा:बलय् खँ थुयावल। भन्तेजुयात ब्व:विया: जि त्या:गु मखु। भन्ते नं ब्व:ब्यूगु मखु, ख:गु खँ हे उखें थुखें ला:गु जुयाच्वन। जि उबले चेतना मदयाच्वंम्ह जुयाच्वन। वसपोल सजग जुयाच्वन। चेतन/अचेतन संघर्ष। उकिं जिं थ:म्ह थ:गु द्वं चायेका: पाप देशना यानाच्वना। क्षमा याना बिज्याहुँ, भन्ते। जिं वा: मचायेक द्वंके लात।**

**जिं नं छगू पाप याये लात।**

उबले, जिं पाप यानाबलय् जिं व ज्यायात पाप हे मताया। पासा पिसं नं 'ज्यू ज्यू ख: ख:' धाल। व पापया ज्या पाप हे ख: धका: थौं खुदँ दये धुंका:तिनि सिल।

जिं महास्थविर थ्यंक जुयाविज्याये धुंकूम्ह भिक्षु अश्वघोषयात लाक्वपाक्व ब्व:बियागु ख:। उबले करुणा दुम्ह वसपोल जि खना: छ्तिं हे तं मचा:। जिं ला जिगु ज्या सिधल धका: च्वना। अथे मखु खनि।

जिं थौं वा: चा:बलय् खँ थुयावल। भन्तेजुयात ब्व:विया: जि त्या:गु मखु। भन्ते नं ब्व:ब्यूगु मखु, ख:गु खँ हे उखें थुखें ला:गु जुयाच्वन। जि उबले चेतना मदयाच्वंम्ह जुयाच्वन। वसपोल सजग जुयाच्वन। चेतन/अचेतन संघर्ष। उकिं जिं थ:म्ह थ:गु द्वं चायेका: पाप देशना यानाच्वना। क्षमा याना बिज्याहुँ, भन्ते। जिं वा: मचायेक द्वंके लात।

दसू कथं इशाई धर्म याइपिनिगु चलन Confession (भूल स्वीकार) नं लुमन। जीवनय् थ:म्हेस्यां छुं द्वं विद्वं यात धा:सा चर्चय् वना: क्षमा फ्वंवने ज्यू। वयागु भुलयात क्षेम्य: क्षमा याना बिइ।
अथेसां जिगु खँ विस्कं हे ख:।

बुद्धं दु:ख, अनित्य, अनात्मया धर्म देशना याना बिज्यात। वसपोल यागु धर्मय् मि छ्वयेका: विश्वशान्ति यायेमा:गु खँ गनं मदु। अखतं जित: ला बज्रयानया कुलं होम, यज्ञ आहुति यायेमा:गु खँ नं स्यनातल। बुद्धं महापरिनिब्बाण जुया बिज्याये धुंका: उखुन्हु तिनि (च्यास: दँ न्ह्य: पाखे ला ?) गृधकुट पर्वतय् बिज्याना: यज्ञ यागादी यायेमा:गु खँ कनाथका बिज्यात हँ।

बुद्धं निताजि खँ ल्हाना बिज्याइ मखु जुइ धका: खँ थुसेंलि तिनि आ: जित: वा: चायावल।

बज्रयान विधि विधान धर्म व संस्कृतिया ब्व ला ख: नि। जिं मिखा हे तिसिना: आहुति वा मि च्याकेगु धर्मया पक्ष कया: बुद्धयानयात बेक्वयेकेगु खँ ल्हानाच्वंगु खनि। जिं थौं आ: प्रायश्चित याना। भन्तेजुं गुरुभाजुपिं नं अन्ध विश्वासी हे ख: धया विज्या:बलय् मखु धका: प्रतिवाद याना।

थौं बल्ल स्वता खँ थुल।

(क) बुद्धं थ:गु सिद्धान्त थ:म्हं हे त्वा:थलि मखु।

(ख) बुद्धयागु अनात्मवादी सिद्धान्त थुलकि हे भक्ति मार्गय् वनेमालि मखु।

(ग) दु:खं मुक्त जुइगुया लागि होम/बलि पूजा अर्चना म्वा हे म्वा:।

उकिं भीके दुगु महायानी शप्तविधानोत्तर कथं पाप देशना (कन्फेसन) याना: जिं न्हयुता प्रकारं हे क्षमा फ्वने।

१. बज्रयान बुद्धया गुलि खे लिपा तिनि व:गु ख:।

२. बज्रयानय् दुगु मेध यज्ञ त बौद्ध धर्म मखु।

३. श्रमण धर्मय् भक्ति ल्वाक छ्यूाये म्वा:।



Downloaded from http://www.dhamma.digital

४. भिंगू अव्याकृत Ten-absurdities सिइके।
५. भजन, कीर्तनया छुं औचित्य मदु।
६. अवतारवाद भीगु मखु।
७. अन्ध विश्वासं विमुक्त जुइ फयेके।
८. फलित ज्योतिविद् विश्वास मया:सां ज्यू।
९. पंच महापाप याये मखु।
१०. बौद्धत्वयात वैदिक कथं याये मखु।

उकिं आ: बुद्ध धर्म कथं अप्रमादी जुयाबलय् 'कन्फेसन' यायेमा:गु ज्ञान दत। धम्मपदया गाथा कथं चेतनाया विकास यायेमा: धका: सिल। काचाक्क सुइतं हे छुं दोष विइमज्यू, अवगुण खने मज्यू। द्वेष याये मज्यू धका: सिल।

अनंलि मेध यज्ञ (अश्वमेध, नरमेध, गोमेध आ: गुता बिब: दुफ्वायेगु मेध, दाफ्वो स्वाँ छफ्वायेगु मेध यज्ञया पलेसा तं लंकेगु, विचकि इच्छा तंकेगु, द्वेष मतयेगु यज्ञ याये। थ्व यज्ञयात मिच्याकेगु "अग्निशाला" म्वा:।

ध्यान द:सा गा:। ध्यान एक चित्त याना: थ:म्हं थ:गु लँ म्हसिके। अत्त दिपो भव। थ:त मा:गु ज: थम्हं हे पिकाये। थुलि धाये सलकि भन्तेपिन्त नं बन्दना जक या:सा गाइ। ग्लानि हे जुइ मा:गु मदु।

उकिं वज्रयानया महत्ता कथं पंचशील पालन याये कथं अकुशल कर्म त्व:ता छूवये। आ:हानं छक्व ध्वा:थुइके।

भी थाय् पाप देशना धका: पुजा: जक यायेगु चलन दु। थम्हेस्यां छुं छुं द्वंकुसां तबि गुरुजुपिंसं/भन्तेपिसं पाप देशना उपासक/उपासिका पिन्त विइगु चलन मदु ताया। अंगुलिमालयात बुद्धं पाप देशना कथं हे प्रव्रज्या ब्यूगु ख:। देवदत्त थन्या:पिन्त क्षमादान याना बिज्या:गु ख:।

थौकन्हय् मनूतय् थ:म्हं यानागु ज्या मभिंगु जूसां तबि मभिं धाये मयो:। भिंगु हे यानागु धयाजुइमा:। उकिं आ: मनूतय्गु ज्याखँय् भिंमभिं ल्यये फइमखुत।

न्ह्यागगु थजुइमा। करकियागु नुग: ख्वयेकेगु ज्या मभिंगु ख:। अकुशल कर्म मयायेगु भिं ख:। व्यवहारय् सह याये फत किं न्ह्यांगु भिं जुया वनी।

गथेकि जिं ब्व: वियाम्ह भन्तेजु जिं न्ह्याक्व हे ब्व:बियागु ख:सां वसपोल महान TheGreat हे ख:। मिथ्या दृष्टिं स्वये मस:म्ह भन्तेजुयात हानं छक्व साधुवाद!

साभार : अप्सरा

## मैत्री भाव जोडौं

✍ **सरोज उदास**, पोखरा-३

बैर भावले हुन्न राम्रो
हुन्छ आफ्नै नाश।
बैरी मनमा हुन्छ सधै
राक्षसको बास॥

बैर भावले डाह गरे
आफ्नै देह जल्छ।
हुन्न डाह बैरीलाई
आफ्नै देह बल्छ॥

बैर भावले दांत किटे
आफ्नै दाँत दुख्छ।
बैर भाव मनमा राखे
आफ्नै शरीर सुक्छ॥

बैर भाव भए सम्म
हुन्न शुद्ध मती।
हुन्न भलो त्यो व्यक्तिको
हुन्छ उंधै गती॥

बैर भावले जित्न खोज्नु
हुन्छ सोभ्कै भ्रान्ति।
बैर भाव रहे सम्म
हुन्न मनमा शान्ति॥

हिंसा लडाई अशान्ति छ
आज संसार भरि।
यस्को मुख्य कारण हो
बैर भावले गरि॥

मैत्री भाव हुन्छ जहाँ
हुन्छ त्यहाँ उत्थान।
बैर भाव हुन्छ जहाँ
हुन्छ त्यहाँ पतन॥

बैगुण लाई गुणले मारौं
बैर भाव छोडौं।
हुन्छ हित सव प्राणिको
मैत्री भाव जोडौं॥



Downloaded from http://www.dhamma.digital

# भिक्षु संवेग कीर्ति

✍ अ. माधवी, यशोधरा विद्यालय

बुद्धया पाले बुद्धशासने भिक्षु व भिक्षुणीपिं छगू छगू ज्या वा योग्यताया बारे अग्रस्थान प्राप्तयाना बिज्यापिं दु । अथे हे थौं कन्हे नं प्रशंसा याय् बहपिं भिक्षु भिक्षुणीपिं नं कम मजू । उकी मध्ये आ: थन पूज्य संवेगकीर्ति भन्तेया बारे छुं छकू खँत च्वै च्वना ।

संवेगकीर्ति भन्ते बैसवंका बुद्धधर्मे मन क्वातुका यचुगु श्रद्धां भिक्षु जू बिज्याम्ह ख: । बुद्धया पाले ल्यायम्हया अवस्थाय् भिक्षु जूवोपिं ग्रन्थधुरे" (धर्मया सफू अध्ययनयायगुली) लगे जुइ । बैसवंका भिक्षु जुपिं "विपस्सना" ध्यान पाखे लगे जुइगु ख: । थ थ:गु अवस्थाअनुसारं छगू छगू लाइने लगेजुइमा: । म्हासु वस: पुना खालि दानकाय मखनी धका लोभ चित्त भन भन बढे जुजुं वना च्वन । न्हापा स्वयानं लोभ चित्त आपा दया वोगु मचाया च्वने फु ।

थन पूज्य संवेगकीर्ति भन्ते मेपिं बुरा जुइका भिक्षु जूपिं स्वया च्वेला । छाय् धा:सा वसपोल गृहस्थी बले निसें बुद्धशासने क्वातुगु चित्त दुम्ह, थ:म्हं थूयें थ: परिवारपिन्त नं थुइकाबिया धर्मे साला है च्वंम्ह ख: । तस्सकं श्रद्धा यचुम्ह ख: । नुग: नं उत्तिकं यचुम्ह ख: । छलकपत मदुम्ह सोभाम्ह भिक्षु ख: ।

स्वभाव- वसपोल छम्ह त्याग चेतना दुम्ह ख: । गृहस्थबले नं त्यागी पह दुम्ह ख: । आ: भिक्षु जीवन हना च्वंबले भन हे त्याग चित्त दत ।

गुलिं गुलिं बैस वंपिं भिक्षुपिं व बुरीपिं अनगारिका गुरुमाँ पिं गृहस्थ बले त्यागी खने दुपिं म्हासू वस: पुने धुंका भन लोभी जुल । परिवार दुपिं बुरा बुरी भिक्षु व अनगारिका गुरुमाँपिसं दान कैतगु ध्यबा वस्तु छैं पोसे याइपिनं मदुगु मखु । थ्व चाला त्यागी जीवन यात लोगु मखु ।

१. ज्याखँ - आ: थन पूज्य संवेगकीर्ति भन्तेया ज्या छक: लुमंकेनु । वसपोलं छुं मस: मस्यूपिं व मदुपिन्त थ:गु ध्यबां पँ पँ त्रिरत्न वन्दना आदि धर्मया सफू न्याना सितिं इना बिया गुहाली बियाच्वन ।

२. बौद्ध परियत्ति कक्षा चले याना च्वं थाय् थ:म्हं दान कया मुंका त:गु ध्यबा दोलंदो चन्दा तया सहयोग बिया च्वन ।

३. वसपोलं गाँ गामे बौद्ध परियत्ति कक्षा चले जुयाच्वंथाय् चिनी, मैदा, चिकं न्याना परियत्ति ब्वना च्वंपिं मस्तेत माल्पा छुना नका च्या त्वंका च्वनी । थ:म्हं नं बुद्ध धर्म धयागु बांलागु ज्ञानया खँ ख: धका थुइका बिया च्वनी । दानंवोगु ध्यबा भिंथाय् छ्यूला आदर्श क्यना च्वन ।

४. वसपोलं यक्व आख: सयका ब्वना मतसां थ:म्हं स:थें मनूसं थुइक खं कना बुद्ध धर्म प्रचार याना च्वन । भिक्षु कालुदायीं यानाच्वंगु धर्म प्रचारयात गाँगामे वना गुहाली बिया च्वन । मेपिं थें म्वा: मदुगु वयागुं थ्वयागुं निन्दा चर्चा याना खँ ल्हाना च्वनेगु बानि मदु । सुनां नं छुं खँल्हा: वोसां सुनां मखुगु ज्या यात वं हे भोग याइ, भीसं क्वबी मागु मदु धया बिज्याइ ।

५. बरोबर न्हि न्हिं सुथे बहनी ध्यान याना च्वनी । ध्यान धैगु त्यागी जीवनया बांलागु तिसा ख: । उकिं वसपोलं आपा खँल्हाना बिज्याइ मखु । आर्य मौन जुया च्वनी ।

सुं व्यक्तियागु बांलागु ज्या खँ व चाला दुगुयात भीसं नं आदर्श काय् बहजू । प्रशंसा याय् बहजू । मूल्यांङ्कन नं याय्मा: । अले उत्साह बढे जुइ ।

वसपालं धर्म चिरस्थायी यायत् निस्वार्थ भावं गुहाली बिया बिज्यागुलिं आयु आरोग्य जुइमा धका आशिका याना । ■

## बाल आश्रमयात सहयोग

स्व.तेजमाया शाक्यया पुण्यस्मृतिस निर्वाण लाभ कामना याना बनेपा ध्यानकुटी बाल आश्रमयात कुसुम गुरुमाँ नं रु. १००५/- सहयोग बिया बिज्यागु दु । स्वयम्भू धर्मपासा पुचं रू. १०००/-

अथेहे भोजन प्रदान याना दीपिं चन्द्रशोभा ज्याठा परिवार व स्वयम्भू धर्म पासा पुच: ख: ।



Downloaded from http://www.dhamma.digital

# चीवरे ख्वाँ थाइमखु

✍ भिक्षु सुशील

ह्वनाकापःजक मखु चीवर
थासं थासे ह्वनातःगु खःसां ।
चीवर ! छगू आस्था खः
चीवर ! छगू श्रद्धा खः
चीवर ! छगू संकल्प खः
ब्याक्कं खयां नं चीवर
चीवरधारीया निंतिं
छगू साधनजक खः ।
याय्‌मा कुतः छिमिसं हे
बुद्धला लँपु जक क्यनीम्ह
बांलासा आचरण
मुक्तजुइ मार बन्धन
चीवर धारण यायेवं
ल्वःमंके मज्यूगु । ल्वःमंके मफैगु
बुद्ध मन्त्र !
चीवरया स्वापू स्वापू पतिकं
छति छति सुकां
चीवरधारीयात
थःगु नगले स्वच्चाका तयेत
तथागतं बियाथकूगु मन्त्र
चीवर ! बुद्धमन्त्र खः ।
"कुल्लुपमं वो भिक्खवे धम्मं देसिस्सामि
नो गहणत्थाय-सच्छिकरणत्थाय"
चीवरया कुचा कुचा पतिकं
थ्वयाच्वनीगु
बुद्धमन्त्रया थ्व उत्कर्ष
चीवरया विरोधीतयूत
चीवरया विशेषता
सापेक्षताया नाप नापं निरपेक्षता
थुइके बियाच्वंगु दु ।
चीवर ! छगू विशेषता
थूपिनिगु निंतिं शान्तिया लुखा
थुइके मफुपिन्सं
थुइका च्वनीगु ह्वनाकापः ।
चीवर ! कापः जक मखु
चीवर दुने युगौं युगया बाखं
मनू नं थःगु मू माःगुया खं
थःगू मू ल्वीकेत ब्यूगु बलिदानया खं
चीवरनाप एकाकार जुइसयेवं
जहाँ थिनाच्वंगु खंकेफु ।
चीवर ! मनूया दुघाः खः
चीवर ! स्वस्तिया वासः खः
चीवर ! मनूया धात्थेंम्ह पासा खः
चीवर ! जीवनया उत्सव खः
चीवर ! मनूया सर्वस्व खः ।
चीवर न्ह्याक्व पुलां जूसां
चीवर न्ह्याक्व भ्रुलि भ्रुलि जूसां
चीवर दुनेया शक्ति क्षय जुइमखु
युगों युगतकं चीवरं
मनुष्यत्वया शक्ति-मनूया पुरुषार्थ
थुइकाबीगु ज्या यानांच्वनिं
मुक्तिया लँपु केनाच्वंनि
शान्तिया वासः इनांच्वनि
उकिं,
चीवरयू ख्वाँ थाइमखु
चीवरयू ख्वाँ थाकेत स्वःपिं
थः हे ख्वाँ जुयावनी ।

(बुद्धिष्ट कम्युनिकेशन सेन्टर, यलया ग्वलासयू जूगु काव्य प्रतियोगिताय् वाचन याःगु पाहां कविता –सं.)



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारिय कार्यक्रम

२०५७ श्रावण १४, रिपोर्टर- श्यामलाल चित्रकार।

### पट्ठान

यसदिन धम्मवती गुरुमांले पट्ठान विषयमा विश्लेषण गर्नुहुँदै भन्नुभयो- "कुनै प्राणी र वस्तुको श्रृष्टी र विनाश विना कारण हुँदैन। हरेक व्यक्तिले भोगिरहेका सुख दु:ख सबै आफ्नै कर्मको नतीजा हो। त्यसैले बुद्ध शिक्षालाई हेतुवाद पनि भनिन्छ। यही हेतु सम्बन्धि विस्तृत विवरण पट्ठान ग्रन्थमा पाइन्छ। मानिसले गर्ने खराव र असल कार्य उसको मनमा उठेका अकुशल र कुशल चित्तको नतीजा हो। मनमा उठेका लोभ, द्वेष र मोहको कारणले खराव कार्यहरू गरिन्छन्। अलोभ (त्याग), अद्वेष (करुणा र मैत्री) र अमोह (प्रज्ञा) को कारणले असल कार्यहरू गरिन्छन्। शुरु शुरुमा सबैको चित्त निर्मल हुन्छ। तर पछि बाह्य वातावरणले गर्दा त्यही चित्त अशुद्ध भई क्लेश वढ्दै जान्छ। वातावरण अथवा इन्द्रियातीत आरम्मण ६ प्रकारका छन् जुन यसरी छन्- रुपारमण, सद्दारमण, गन्धारमण, रसारमण, फोट्ठब्बारमण, र धम्मारमण। देखिने जति रूप, सुनिने जति शब्द, एवं प्रकारले गन्ध, रस, स्पर्श तथा मनको कारणले राग र द्वेष उत्पन्न भई क्लेशहरू थुप्रिन्दै जान्छन्। ती क्लेशहरू नै दु:खको कारण हो। दु:ख हटाउन सकिन्छ। दु:खको कारणहरू थाहापाउनु पर्छ। दु:खका कारणहरूलाई चिनेर त्यसलाई हटाउन सकेमा दु:ख स्वत: हटेर जान्छ। यसरी पट्ठान ग्रन्थमा चित्तका अति शुक्ष्म र गहनतम कुराहरू उल्लेखित छन्।

२०५७ श्रावण २१ गते।

वक्ता : सोभियतरत्न तुलाधर, रिपोर्टर : उमा मानन्धर

विषय: **मन र शरीर बिच अन्तरसम्बन्ध**

यस दिन 'मन र शरीर बिच अन्तरसम्बन्ध' बिषयमा प्रवचन दिनु हुँदै बक्ता सोभियत रत्न तुलाधरले भन्नुभयो- "बुद्धले संसारको मूल तत्त्वलाई दुई परमार्थ सत्यमा विभाजन गर्नु भएको छ। ती हुन्- नाम र रूप (मन र शरीर) आधुनिक विज्ञानले पनि मूल तत्त्वलाई उर्जा र पदार्थ (Energy र Matter) गरी दुई भागमा बिभाजन गरेका छन्। बैज्ञानिकहरूले पत्ता लगाएको उक्त कुरा भौतिक पदार्थ रूपको पक्ष मात्र हुन्। नामको पक्षमा होइनन्। यिनीहरूले हालसम्म नामको पक्षमा अनुसन्धान गरेता पनि केहीं निश्कर्ष निकाल्न सकेका छैनन्। चित्त र चेतसिकको बारेमा कुनै निष्कर्श दिन सकेका छैनन्। बैज्ञानिकहरूले पाँच स्कन्ध (रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान) मध्ये रूप पक्ष अर्थात पृथ्वी (भारत्त्व, Mass) आपो (संयोजकपन, Cohesion), तेजो (तातोचीसोपन, Energy) र वायु (गतिशीलता, Motion) को बारेमामात्र अध्ययन गर्न सकेका छन्।"

उहाँले अगाडि भन्नुभयो- "वैज्ञानिकहरूले भौतिक पदार्थको पनि सबभन्दा सानो पक्ष Atom लाई पत्ता लगाए र त्यसलाई पनि विभाजन गरी श्रृष्टीको शुरूवात पत्ता लगाउने प्रयत्न गर्दा उर्जामा परिणत भई ब्रह्माण्डमा विलिन भएर गए। अनि वैज्ञानिकहरूले यस संसारमा जेजति छन् ती सबै उर्जा अर्थात् Energy मात्र हुन् भने। त्यसैले शुरूवात पनि छैन अन्त्य पनि छैन, सबै नै परिवर्तनशील मात्र छन् भन्न बिवश भए। मानव शरीर जिवित रहनलाई नाम र रूप दुवैको आवश्यकता रहन्छ तर वैज्ञानिकहरूले चित्त र चित्तमा उत्पन्न हुने चेतसिकलाई एटमलाई जस्तै टुक्रापार्न सकेका छैनन्। बास्तवमा बुद्धले २५०० वर्ष अघिनै आफ्नै शरीरको अनुसन्धान द्वारा संसारमा रहेका सबैनै अनित्य छन् भनिसक्नु भएको थियो। उहाँले भन्नुभयो वैज्ञानिकहरूले प्रयोग गर्ने जस्तो फर्मुला प्रयोग गरेर मनलाई थाहापाउन सकिंदैन, यसको लागि त विपश्यना ध्यान मार्फत आफ्नै अनुभवबाट मात्र थाहापाउन सकिन्छ।

उहाँले भन्नुभयो -"मन र शरीर बिच अन्तर सम्बन्ध भएकै कारण शरीर जिवित रहेको हो। शरीरमा विचारको प्रवाहको निरन्तरताले नै मानिस बाँचिरहेको हो। यदि मनले शरीरमा स्वत: काम नगरेको भए भोक लाग्ने, तिर्खा लाग्ने, खाना पचाउने, रोग संग जुध्ने त के श्वास पनि फेर्न सक्दैन" उहाँले भन्नुभयो।



Downloaded from http://www.dhamma.digital

"प्रत्येक श्वास भित्र गएको नै जन्म हो र प्रत्येक श्वास वाहिर गएको नै मृत्यु हो भन्ने कुरा बुझी श्वासको प्रत्येक क्षणलाई होशमा राख्न सकेमा, श्वासको माध्यमबाट शरीरको प्रत्येक अङ्गमा पुग्ने रगत संगै जाने अक्सिजनको प्रवाहलाई ध्यानको माध्यमबाट अनुभव गर्न सकेमा मन र शरीरमा हुने उत्पत्ति विनाशको प्रवाहलाई साक्षात्कार गर्न सकिन्छ । बुद्धले सिकाउनु भएको विपश्यना ध्यानद्वारा मात्रै मन र शरीर को बिच हुने सुक्ष्माति शुक्ष्म अन्तरसम्बन्धलाई जान्न सकिन्छ; मनलाई नियन्त्रण गर्न सकिन्छ– उहाँले भन्नुभयो । उक्त दिनको कार्यक्रमको संचालन श्यामलाल चित्रकारबाट भएको थियो ।

२०५७ श्रावण २८ गते ।

## मानिसको मूल्य कायम गर्ने २ वटा तत्त्वहरू

यसदिन भिक्षु अश्वघोष महास्थविरले "मानिसको मूल्य कायम गर्ने २ वटा तत्त्वहरू - शील (आचरण राम्रो हुनु) र प्रज्ञावान् बन्नु" विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो -" बुद्ध धर्म मैत्री र प्रज्ञाले भरिएको धर्म हो । बुद्धको शिक्षाले धेरै संख्यामा ब्राह्मणहरूको हृदय परिवर्तन गराएको देखिन्छ । उहाँले मानिसहरूको बुझ्न सक्ने क्षमता हेरी धर्मदेशना गर्नुहुन्थ्यो । मानिसहरूलाई सही धर्म बुझाउने उहाँको आफ्नै तरिका थियो । हामी मानिसहरू मध्ये धेरै जसोमा सही प्रज्ञाको अभाव देखिन्छ । त्यसैले संस्कारलाई परिवर्तन गर्न गाऱ्हो छ । जति विद्वान कहलिए पनि आ-आफ्ना पुराना संस्कार परिवर्तन गर्न सक्ने व्यक्तिहरू कम नै छन् । प्रज्ञावान व्यक्तिहरूले मात्र आफ्नो हृदय परिवर्तन गर्न सकेका छन् ।

बुद्धकालिन सोण दण्ड ब्राह्मण पनि त्रिवेद पारंगत भएका एक विद्वान व्यक्ति थिए । उनी राजा बिम्बिसारका गुरु पनि थिए । एकपटक भगवान् बुद्ध चम्पा गाउँ स्थित ग्राग्रा भन्ने ठाउँमा एक रुख मुनि बसिरहनु भएको बेला सोण ब्राह्मणले बुद्धलाई भेट्न गएछ । त्यसवेला बुद्धले उक्त ब्राह्मणलाई ब्राह्मण हुनलाई के के अंगले पूर्ण हुनुपर्छ भन्ने प्रश्न गर्नु भएछ ।

सोणदण्डले भन्यो ब्राह्मण हुनलाई यी ५ वटा गुणहरू हुनुपर्छ- १. त्रिवेद पारंगत विद्वान हुनुपर्छ । २. रूप सम्पन्न हुनुपर्छ ३. सात पुस्ता देखिका आमा बुबाहरू जातले परिशुद्ध हुनुपर्छ । ४. शील सम्पन्न हुनुपर्छ । ५. प्रज्ञावान हुनुपर्छ ।

बुद्धले उसलाई फेरि यसरी प्रश्न सोध्नुभयो- यी ५ वटा गुणहरू मध्ये एक दुईवटा गुण नभएपनि हुन्न र ? अनि सोण दण्ड ब्राह्मणले भन्यो रूप सम्पन्न, बिद्वान र जाती शुद्धता जस्ता गुणहरू त नभएपनि केही फरक पर्दैन । तर शील (आचरण शुद्धी) र प्रज्ञावान त हुनै पर्छ । यी २ वटा गुणहरू भएन भने त्यो व्यक्तिमा मनुष्यता भनेको नै हुँदैन ।

शोण दण्डको यस्तो कुरो सुनी उनका कट्टर स्वभावका चेलाहरूले विरोध गर्नथाले । अनि शोण दण्ड ब्राह्मणले ती चेलाहरूलाई सम्झाउँदै भने– मेरो भान्जा अंगक अनेक रूप-यौवनले सम्पन्न छ । तर यदि उसको आचरण राम्रो छैन, रक्सी सेवन गरी हिंड्छ, असत्य कुरो बोलेर हिंड्छ, अन्य स्त्रीहरूलाई बलात्कार गरी हिंड्छ भने त्यसलाई कसैले छोरी दिन मान्छ ? त्यसैले मानिसलाई मानिस बनाउने तत्त्व त शील र प्रज्ञा मात्र हो ।

बुद्धले शोण ब्राह्मणको यस कुरोलाई स्वीकार गर्नुभयो । अन्त्यमा शोण ब्राह्मण बुद्धको शरणमा गए । यसरी बुद्धले विद्वान बन्ने होइन मानिसलाई साँच्चिकै मानिस बन्ने शिक्षा दिने गर्नुहुन्छ । भगवान बुद्धले भन्नुभएको छ– बुद्ध शासन धमिलिएर जानुमा ७ वटा कारणहरू छन् । तिनीहरू मध्ये एक विद्वान वर्गहरूको संख्या बृद्धी पनि हो ।

**NOT TO DO EVIL**
**पाप कर्म कहिल्यै नगर्नु**
**TO CULTIVATE MERIT**
**पुण्य गर्दै जानु**
**TO PURIFY ONE'S MIND.**
**आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु**

*– This is the teaching of the Buddhas.*
*यहि नै बुद्धहरूको उपदेश हो ।*



Downloaded from http://www.dhamma.digital

## नि:शुल्क स्वास्थ्य शिविर

२०५७ आश्विन ८ गते। स्थान- नुवाकोट जिल्ला, ओखरपौवा गा.वि.स.। कागती गाउँ, श्री भवानी प्राथमिक विद्यालय।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा नुवाकोट जिल्लाको ओखरपौवा गा.वि.स; कागती गाउँ वडा नं. ७, ८ र ९ का स्थानिय वासिन्दाहरूका लागि नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको छ। यस शिविरमा केयर एण्ड फेयर क्लिनिक जावलाखेल ललितपुर बाट केही आर्थिक सहयोग पनि प्रदान गरिएको कुरा जानकारी हुन आएको छ।

स्वास्थ्य शिविर सञ्चालन हुनु अगाडि सोही दिन विहान भिक्षु सुशीलको सभापतित्त्वमा स्वास्थ्य शिविरको महत्त्व विषयमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कार्यक्रम पनि सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा भिक्षु सुशीलले सभाका सबै सहभागीको उपस्थितिमा पञ्चशील प्रार्थना र बुद्धपूजा कार्यक्रम सञ्चालन गर्नुभएको थियो। उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव इन्द्रकुमार नकर्मीले स्वागत भाषण गर्नुहुँदै धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको उद्देश्यहरू प्रकाश पार्नुहुँदै "जसले रोगीको सेवा गर्छ, उसले मेरो सेवा गरेको ठहरिनेछ" भन्ने बुद्ध वचनलाई हामीले मनन गर्नुपर्ने कुरा उल्लेख गर्नुभयो।

डा. चन्द्रेशरत्न तुलाधरले त्यसदिन नि:शुल्क स्वास्थ्य सेवा पुऱ्याउन लागिएका विषयहरू उल्लेख गर्नुहुँदै स्वास्थ्य शिविरको महत्त्व प्रष्टयाउनु भयो।

वीर्यवती गुरुमाँले मानव जीवनका लागि आधार भूत आवश्यकताको रूपमा रहेको स्वास्थ्य सेवाको महत्त्व विषयमा उल्लेख गर्नुहुँदै रोग निको पार्न औषधि मूलो गरेर मात्र हाम्रो कर्त्तव्य पूरा हुँदैन। त्यसको अतिरिक्त आफ्नो शरीरलाई हानी पुऱ्याउने खालका पदार्थहरू (चुरोट, रक्सी, जाँड आदि) सेवन नगरी उचित आहार मात्र सेवन गरी निर्दोष र स्वार्थ रहित परोपकारी जीवन बिताउन सक्नु नै हाम्रो कर्त्तव्य हो भन्नु भयो।

ओखरपौवा गा.वि.स.का सदस्य जीतबहादुर बलामीले स्वास्थ्य शिविरबाट प्राप्त औषधि मूलोलाई डाक्टरको सल्लाह अनुसार अनिवार्य रूपमा सेवन गर्नुपर्ने र बीचमा औषधि छोड्न नहुने विषयमा सल्लाह दिनुभयो।

अनुपमा गुरुमाँले निरोगी बन्नुनै परम लाभ हो भन्ने बुद्ध वचन प्रष्टाउनु हुँदै स्वास्थ्य शिविरको महत्त्व उल्लेख गर्नुभयो।

त्यस्तै भिक्षु सुशीलले सभापतिको आशनबाट बोल्नु हुँदै हामीलाई शारीरिक रोगले मात्र होइन विवेक बुद्धीहीन बनी बिचार नै नपुऱ्याई एक आपसमा झैझगडा गर्ने रोगले पनि सताइरहेको छ। यस्तो रोग हटाउनका लागि हरेक क्षण आफूलाई सजग राखी मैले के गर्नु परेको छ भन्ने विषयमा होश पूर्वक काम गर्नु पर्दछ भन्नुभयो।

अध्ययन गोष्ठीका सदस्य श्यामलाल चित्रकारले सञ्चालन गर्नुभएको यस कार्यक्रममा गोष्ठीका सह-सचिव ध्रुवरत्न स्थापितले धन्यवाद ज्ञापन गर्नुभई सभापतिको अनुमतीमा सभा विसर्जन गर्नुभएको थियो।

कार्यक्रम समापन पश्चात् स्वास्थ्य परिक्षण शिविर सञ्चालन भएको थियो।

करीब ४६२ जवान बिरामीहरूले स्वास्थ्य परीक्षण गराइएको यस शिविरमा नि:शुल्क स्वास्थ्य सेवा पुऱ्याउनु हुने डाक्टर र स्वास्थ्य परीक्षण विषय यसरी रहेको थियो।

| *सि.नं.* | *डाक्टरहरूको नामावली* | *स्वास्थ्य परीक्षण विषय* |
|---|---|---|
| १. | डा. विजयलाल श्रेष्ठ | *सामान्य रोग* |
| २. | डा. मोतीराज बज्राचार्य | *मुटुरोग* |
| ३. | डा. चन्द्रेशरत्न तुलाधर | *बालरोग* |
| ४. | डा. तारामैंयाँ शाक्य | *स्त्री रोग* |
| ५. | डा. सुरेन्द्र शाक्य | *सामान्य रोग* |
| ६. | डा. रीना शाक्य | *दन्त रोग* |
| ७. | डा. सर्मीला श्रेष्ठ | *दन्त रोग* |
| ८. | डा. विनीता श्रेष्ठ | *नाक, कान, घाँटी रोग* |
| ९. | डा. गौतमी शाक्य | *नाक, कान, घाँटी रोग* |
| १०. | डा. शक्ति शाक्य | *दन्त रोग* |
| ११. | बुद्ध लक्ष्मी शाक्य | *स्वास्थ्य सहायक* |
| १२. | एस.पी. पाण्डे | *स्वास्थ्य सहायक* |
| १३. | सानुकेशरी तुलाधर | *स्वास्थ्य सहायक* |
| १४. | सुजन | *स्वास्थ्य सहायक* |
| १५. | रमीता श्रेष्ठ | *स्वास्थ्य सहायक* |
| १६. | तारादेवी तुलाधर | *स्वास्थ्य सहायक* |

यस कार्यक्रममा बिरामीहरूलाई नि:शुल्क औषधि पनि वितरण गरिएको थियो।


Downloaded from http://www.dhamma.digital

# आस्रव त्यागौं

✍ **दोलेन्द्र रत्न शाक्य**, चाकुपाट, ल.पु.

चित्तमल नै हो बुझ है आस्रव,
मनमा भण्डार गरी दुर्भाव,
यसले नै गर्छ सुखको अभाव,
यसले नै दिन्छ दुःखको प्रभाव ॥१॥

आँखाले सुन्दर हेर्ने लालसा,
नाकले सुगन्ध लिने कामना,
मुखले गर्ने मिठो रसको ईच्छा,
कानले प्रिय शब्द सुन्ने चाहना,
त्वचाले मृदु स्पर्श लिने आकांक्षा,
मनले कल्पने अनुकूल भावना,
प्रतिकूलतामा उब्जने अप्रिय वेदना,
हुन् ती सबै स्रोत कामास्रवका ॥२॥

'म' भन्ने स्वभाव कायम राख्न,
सुखको चाहमा आफैलाई ढाँट्न,
विचलित भै दुःखमा दुःखै थप्न,
मृगतृष्णाले आफैलाई झुक्याउन,
उच्च भूमिमा राखी आस अन्मन,
जन्ममृत्युको सिक्रीले राखी बाँध्न,
जन्मिदै मर्दै सुखाभास पाउन,
ईच्छागर्नु हुन् स्रोत भवास्रवका ॥३॥

दृष्टि अधम हरदम अंगाल्ने,
सत्यलाई असत्य हो भन्ठान्ने,
असत्यलाई सत्य नै हो भन्ने,
भुलभुलैयामा सदा नै रम्ने,
भ्यागुता र माछा छुट्याउन नसक्ने,
भ्यागुतालाई माछा भनी समात्ने,
सुखलाई दुःख, दुःखलाई सुख मान्ने,
मिथ्या दृष्टि हुन् स्रोत दिट्ठासवका ॥४॥

अविद्याको छायाँमा सुख लिई,
अन्धकारबाट अन्धकारमै गई,
कार्य-कारणलाई पटक्कै नबुझी,
चतुरार्य सत्यलाई नजानी,
दुःखको कारण छ भन्ने नै नबुझी,
जथाभावी कर्म गर्दै दुःख बढाई,
निर्वाण भगाई, नर्क नजिक्याई,
जिउने स्रोत हुन् अविद्यास्रवका ॥५॥

त्यसैले मानव, आस्रव त्यागौं,
बुद्ध धर्म संघको शरण लिऔं,
प्रभाव आस्रवको क्रमशः हटाऔं,
निर्वाण सुख पाउने कर्म गरौं ॥६॥

भवतु सब्ब मंगलं ।



Downloaded from http://www.dhamma.digital

## बोधिज्ञान फाउण्डेशनको निर्वाचन सम्पन्न

मानदास बुद्ध बोधिज्ञान फाउण्डेशनको नयाँ कार्यकारिणी समिति २०५७ भाद्र २४ गते गठन गरिएको छ ।

तीन वर्षको लागि निर्विरोध निर्वाचित उक्त कार्यसमितिको अध्यक्षमा सुगतदास तुलाधर, उपाध्यक्ष पद्मरत्न तुलाधर, महासचिव सोभियतरत्न तुलाधर, सचिव ईश्वरमान तुलाधर, प्रचार-सचिव त्रिरत्न तुलाधर, कोषाध्यक्ष सरोज कुमार तुलाधर, सदस्यहरूमा डा. केशरी लक्ष्मी मानन्धर, प्रकाशवीरसिंह कंसाकार र रमेश तुलाधर रहनु भएको छ ।

काठमाडौं असनका वासिन्दा दिवंगत मानदास तुलाधरको सम्झनामा स्थापित उक्त फाउण्डेशनले उहाँद्वारा संकलन गरिएका चारहजार भन्दा बढि बुद्ध धर्मसम्बन्धी पुस्तक तथा पत्रपत्रिकाहरू समेत राखी स्थापना गरिएको बोधिज्ञान पुस्तकालयमा अन्य विभिन्न महानुभावहरूबाट समेत थुप्रै पुस्तकहरू उपहार प्राप्त भइसकेको छ ।

बोधिज्ञान पत्रिका पनि प्रकाशन गरिराखेको उक्त फाउण्डेशनको पुस्तकालय स्वयम्भू किम्डोलमा रहेको छ ।

## सतिपट्ठान ध्यान शिविर सम्पन्न

भिक्षु विशुद्धानन्दको निर्देशनमा, महिला बौद्ध संघको आयोजनामा र युवा बौद्ध संघको सक्रिय संयोजकत्वमा स्थानिय कालिगण्डकी आवासिय मा.वि. को भवनमा दोस्रो सतिपट्ठान ध्यान शिवर सम्पन्न भयो । २०५७।०४।०३ देखि २०५७।०४।०७ गतेसम्म सञ्चालित बाल योगीहरूको शिविरमा १२ बालिका र १९ बालक गरि ३१ जना बाल योगीहरूको सहभागिता रहेको थियो भने ७ गतेदेखि १८ गते सम्म सञ्चालित वयस्क शिविर मा ९ जना पुरुष र ८ महिला योगी गरि १७ जना योगीहरूले भाग लिनु भएको थियो । सो शिविर सञ्चालनको लागि विभिन्न महानुभावहरूले आर्थिक तथा भौतिक सहयोग प्रदान गर्नुभएको थियो ।

## बाग्लुङ्गमा महिला बौद्ध संघ

बाग्लुङ्ग महिला बौद्ध संघले यहि आषाढ पूर्णिमाको दिन आफ्नो पाँचौं बार्षिकोत्सव सम्पन्न गऱ्यो । श्रद्धेय भिक्षु बिशुद्धानन्दको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा महिला बौद्ध संघका सदस्यहरू, युवा बौद्ध संघ, धर्मोदय सभा तथा विहार संचालक समितीको पदाधिकारीहरूको उपस्थिति थियो । अनंगणा सुमेधमाताले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा संघका अध्यक्ष सन्दिट्ठिका कमलमाताले स्वागत भाषण तथा सचिव विपस्सना कुन्दनमाताले संघको आर्थिक गतिविधि प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा विहार संचालक समिती अध्यक्ष पटिवेध सावात्येपिता, धर्मोदय सभा बाग्लुङ्गका अध्यक्ष अट्ठकथा इन्दुपिता, युवा बौद्ध संघ अध्यक्ष दिपंकर हिरीपुत्र तथा ज्ञानोदय बुद्ध विहारका प्रमुख संरक्षक रामलाल शाक्य लगायत वक्ताहरूले आ-आफ्नो मन्तब्य व्यक्त गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा प्रमखु अतिथि भिक्षु विशुद्धानन्दद्वारा धर्मदेशना गर्नु भई कार्यक्रमको अन्त्य गरिएको थियो ।

## युवा बौद्ध संघको नयाँ कार्य समिती गठन

बाग्लुङ्ग युवा बौद्ध संघका अध्यक्ष रविन शाक्यको अध्यक्षतामा रहेको कार्य समितीले सफलताका साथ आफ्नो कार्यकाल पुरा गरेकोले सो समिती विघटन गरि नयाँ समितीको अध्यक्षमा दिपंकर हिरिपुत्रलाई सर्व सम्मतबाट चयन गरेको छ । मिति २०५७।०४।०८ मा नवोदित अध्यक्ष दिपंकर हिरिपुत्रको अध्यक्षतामा वसेको बैठकले अन्य पदाधिकारीहरूको चयन गरेको छ । जस अनुसार उपाध्यक्षमा विनय वेद दयापुत्र (कार्य समिती) र सावत्थि पटिवेधधीता (ज्ञानमाला), सचिवमा अंसु चन्द्र विनोदपुत्र, कोषाध्यक्ष अनोम धर्म मेत्तापुत्र, सदस्यहरूमा ज्ञान ब. थापा मगर, जिन्दगी थापा मगर, तृषिता कृष्णधीता, पार्वती थापा, राजिव श्रेष्ठ, अनत्त मदन प्रेमपुत्र र मनोनीत सदस्यमा उदित थापा मगर साथै पदेन सदस्यमा रविन शाक्यलाई चयन गरिएको छ । यसै गरि सो संघको सल्लाहाकारहरूमा



Downloaded from http://www.dhamma.digital

काषेणा वैकुण्ठधीता, वेलुवन देशनापिता, शक्यमुनी कट्टवेदीपुत्र, विरेन्द्र शाक्य, परियत्ति सूर्यधीता र सुदर्शन शाक्यलाई चयन गरिएको छ।

## गुंला धर्मदेशना

२०५७ श्रावण १७ देखि भाद्र १७ सम्म।

स्थान : सिद्धि मंगल बुद्ध विहार, सिद्धिपुर थसी।

श्री सिद्धि मंगल बुद्धविहारको आयोजनामा सिद्धिपुर थसि वडा नं ९ खुसिल टोलमा गुंला धर्म देशना भएको थियो। धर्मदेशना गर्नुहुने भिक्षु र गुरुमांहरू यसरी रहेको कुरा बुझिएको छ-

१. भिक्षु बुद्धघोष महास्थविर २. भिक्षु धर्मकीर्ति ३. भिक्षु निग्रोध ४. भिक्षु बोधिज्ञान ५. भिक्षु सोभित ६. भिक्षु अनोमदसी ७. भिक्षु डा. सुनन्द ८. भिक्षु संधरक्षित ९. सुजाता गुरुमां १०. संघरक्षिता गुरुमां ११. अनुपमा गुरुमां १२. अनोजा गुरुमां १३. कुसुम गुरुमां १४. चित्तावती गुरुमां १५. धम्मचारी गुरुमां १६. अमरावती गुरुमां १७. विजिता गुरुमां १८. यसवती गुरुमां आदि।

समापन समारोहमा भिक्षु बुद्धघोष महास्थविरले शील प्रार्थना गराउनु भई बुद्ध पूजा गरिएको थियो। कीर्तिपुर ज्ञानमाला खलक र चेतन माला खलकबाट ज्ञानमाला भजन पनि गरियो मंगल दास महर्जनले स्वागत मन्तब्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा बखत बहादुर चित्रकार लोक वहादुर शाक्य र विष्णु रत्न शाक्य आदिले आ-आफ्ना मन्तव्य प्रस्तुत गर्नु भएका थिए। उक्त समारोहका लागि आवश्यक सहयोग गर्नुहुने दाताहरू यसरी हुनुहुन्थ्यो - नाती महर्जन, काजी बहादुर महर्जन, श्यामकृष्ण महर्जन, राजगोविन्द महर्जन, मनमाया महर्जन, नानीमहर्जन, तारा महर्जन, तरिमई, दुर्गा लक्ष्मी, नारांदेवी, रामदेवी, माकूली, गंगा देवी, तारा, आदि। उक्त समारोहमा सिलाल महर्जन, चालसि, लक्ष्मी बहादुर, मंगल दास, श्यामकृष्ण, गौतम, शिवराम, सचिन्द्र राजमान, मिठाई, आदिले भिक्षु, गुरुमां र उपासक उपासिकाहरूलाई जलपान भोजन दान गर्नु भएको थियो भने बुद्धि बहादुर महर्जनले कार्यक्रममा धन्यवाद ज्ञापन गर्नुभएको थियो।

## श्री बोधिसत्व विहार, चैनपुर।

चन्द्र ज्योती शाक्यको संयोजकत्वमा २ दिने कार्यक्रम संचालन गरी धर्मचक्र प्रवर्तन दिवस मनाइएको समाचार प्राप्त भएको छ।

उक्त समारोहमा सरसफाई, वालवालिकाहरूबाट संगीत सम्मेलन, बौद्ध महिलाहरू विच बौद्ध हाजिरी जवाफ प्रतियोगिता, धर्मदेशना आदि कार्यक्रमहरू सम्पन्न गरिएको थियो।

उक्त कार्यक्रममा काठमाडौंबाट प्रमुख अतिथीको रूपमा पाल्नु भएका बरदेश मानन्धरले आषाढ पूर्णिमा बुद्धकालिन ५ वटा घटनाहरूको संयोग परेको दिन भएको विषयमा प्रकाश पार्नु भयो। यसरी नै पल्टेन लाक्या लामा, र अध्यक्ष सुमनादेवीले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको उक्त कार्यक्रममा चन्द्र ज्योती शाक्यले सवै उपासकोपासिकाहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो।

कार्यक्रममा सहभागी हुनुभएका श्रद्धालु धर्म प्रेमीहरूलाई श्री पुष्पलाल र श्रीमती यशोदा शाक्यले प्रसाद वितरण गर्नुभएको थियो।

अन्त्यमा ध्यान, भजन र पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो।

## जनगणना २०५८ विषयक पश्चिमाञ्चल स्तरीय सचेतना गोष्ठी

युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार पोखरा र श्री कीर्ति बौद्ध केन्द्र काठमाडौंको संयुक्त आयोजनामा २०५७ साल श्रावण ३ र ४ गते जनगणना २०५८ विषयक पश्चिमाञ्चल स्तरीय सचेतना गोष्ठीको आयोजना गरेको छ। पश्चिमाञ्चल विकास क्षेत्रका १४ वटा जिल्लाबाट ७० जना प्रतिनिधिहरूको सहभागिता रहेको उक्त गोष्ठीको वयोबृद्ध भिक्षु सुभद्र र धर्मोदय सभाका केन्द्रिय अध्यक्ष लोक दर्शन बज्राचार्यले दिप प्रज्वलन गरी संयुक्त रूपमा उद्घाटन गर्नु भएको थियो। पंचशील प्रार्थना पछि प्रारम्भ भएको सो समारोहमा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. हर्क गुरुङले जब समस्या उत्पन्न हुन्छ तब समाधानका उपाय खोजिन्छ, भन्नुहुँदै हाल सम्मको



Downloaded from http://www.dhamma.digital

जनगणनाबाट जाती, धर्म र भाषाको बिषयमा मिथ्या तथ्याङ्क मात्र आएको हुनाले नै आगामी जनगणनामा सत्य तथ्य तथ्याङ्कका लागि प्रत्येक व्यक्तिलाई सचेत गराउनु आजको आवश्यकता हो भन्नु भयो । प्रमुख अतिथि तथा धर्मोदय सभाका केन्द्रिय अध्यक्ष लोकदर्शन बज्राचार्यले धर्मोदय सभाद्वारा जनगणना सम्वन्धि हाल सम्म संचालन गर्दै आएका क्रीयाकलापहरूको बारेमा जानकारी दिनु भयो ।

धर्मशीला बुद्ध विहार दायक सभाका सचिव कृष्ण मान गुभाजुले धर्मशीला बुद्ध विहार नदिपुरको ऐतिहासिक पृष्ठ भूमीबारे चर्चा गर्नु हुँदै युवा बौद्ध संघको गठन पछि उक्त विहारको कार्यक्रमहरूमा सक्रियता आएको र हाल आएर पश्चिमाञ्चल स्तरीय गोष्ठी समेत आयोजना गर्न सक्षम भएकोमा खुशी ब्यक्त गर्नुभयो ।

युवा बौद्ध संघका अध्यक्ष उत्तम मान बुद्धाचार्यले धन्यवाद ज्ञापन गर्नुभई संघका उपाध्यक्ष प्रकाश उदासले स्वागत मन्तब्य ब्यक्त गर्नु भएको उक्त समारोहमा श्रद्धेय भिक्षु श्रद्धानन्द ज्यूले धर्मदेशना गर्नु भएको थियो भने उद्‌घोषण सचिव विक्रम बुद्धाचार्यले गर्नु भएको थियो । उद्‌घाटन समारोह पछि सामुहीक छलफलको आयोजना गरिएको थियो । सोही दिन श्री कीर्ति बौद्ध केन्द्रका सदस्य तथा ईङ्गलैण्डको ब्रुनेल विश्वविद्यालयमा 'नेपालमा जातीहरू' विषयमा पि.एच.डी. गरीरहनु भएका भिक्षु सुगन्ध ज्यूबाट जातीय पहिचानको महत्त्व विषयमा प्रवचन कार्यक्रम पनि राखिएको थियो ।

## धर्मचक्र प्रवर्तन दिवसको उपलक्षमा धर्मदेशना

आषाढ ३१ । "जसरी हिलोमा उम्रेको कमलको फूल स्वच्छतापूर्वक फूल्दछ त्यसै गरी भगवान बुद्ध पनि मानवमा निहित राग, द्वेष र मोह बाट विरत महामानव हुन् ।" उक्त कुरा धर्मचक्र प्रवर्तन दिवस को उपलक्षमा स्थानीय शाक्य समाज भवनमा आयोजित प्रवचन कार्यक्रममा प्रमुख अतिथिको रुपमा भिक्षु निग्रोधले ब्यक्त गर्नु भएको हो ।

धर्मशीला बुद्ध विहारको आयोजनामा सम्पन्न भएको उक्त कार्यक्रममा अतिथि वक्ताको रूपमा लुम्बिनी विकास कोषका कोषाध्यक्ष सह-प्राध्यापक छत्रराज शाक्यले आषाढ पूर्णिमाको महत्वलाई दर्शाउनु हुँदै भगवान बुद्धले भवचक्रबाट पार हुने धर्मचक्रको ज्ञान दिनु भयो, त्यसैलाई धर्मचक्र प्रवर्तन भनिन्छ भन्नुभयो । दुखका बारेमा चर्चा गर्नु हुँदै वहाँले आवश्यकता र चाहना फरक हुन्छन्, आफूसंग पुग्ने वस्तु भएर पनि थप चाहना गर्नु तृष्णा हो, यसले दु:ख निम्त्याउँछ । यस्ता चाहना कम गर्नु सक्नुपर्छ भन्नुभयो ।

भिक्षु श्रद्धानन्दको सभापतित्वमा संचालित उक्त कार्यक्रममा ज्ञानमालासंघका अध्यक्ष सुवर्ण बज्राचार्यले स्वागत भाषण र सचिव विक्रम उदासले उद्‌घोषण गर्नु भएको थियो भने कार्यक्रमको शुभारम्भ पंचशील र ज्ञानमाला भजनबाट गरिएको थियो ।

## पाँचौं ज्ञानमाला बुद्धपूजा प्रारम्भ

२०५७ श्रावण २१ गते ।

ज्ञानमाला भजन खल: स्वयम्भूको आयोजनामा एकवर्षसम्म प्रत्येक महिना संचालन गरिने ज्ञानमाला बौद्ध जागरण बुद्ध पूजा ललितपुरको ठेचो च्वलाछि टोलमा प्रारम्भ भएको समाचार प्राप्त भएको छ ।

पाँचौं ज्ञानमाला बुद्ध पूजाको रुपमा संचालित उक्त कार्यक्रममा ज्ञानमाला भजनको साथै भिक्षु तपश्वीधम्मको तर्फबाट धर्मदेशना भएको थियो ।

पूर्णकाजी ज्यापुले स्वागत भाषण गरी शुरु गरिएको उक्त कार्यक्रममा वरिष्ठ अधिवक्ता सर्वज्ञ रत्न तुलाधरले श्री ५ को सरकारको तर्फबाट बुद्ध शिक्षा प्रचारकार्यमा आवश्यक सहयोग प्राप्त हुनु पर्ने कुरामा जोड दिनुभयो ।

उक्त कार्यक्रममा ज्ञानमाला भजन खल:का उपाध्यक्ष पन्नाकाजी शाक्यले गा.वि.स.का ९० वर्षिय वयोवृद्ध मानलाल महर्जन, ९२ वर्षिय वयोवृद्ध न्हुच्छेलाल महर्जन, टु स्टार क्लवका अध्यक्ष गजेन्द्र महर्जन, बाजा गुरु शान्तलाल महर्जन र कार्यक्रम प्रमुख कन्चन महर्जनलाई खादा ओढाई सम्मान गर्नुभएको थियो ।

यही क्रममा टु स्टार क्लवको विकासको लागि बुद्ध पूजामा आउनु भएका भक्तजनहरूको तर्फबाट यथाश्रद्धा रु. ३,६८६।- रकम चन्दा उठाई क्लवका



Downloaded from http://www.dhamma.digital

अध्यक्ष गजेन्द्र महर्जनलाई हस्तान्तरण गर्नुभएको थियो ।

त्यसपछि दोश्रो बुद्धपूजाको कार्यक्रम भाद्र महिनामा टोखामा सम्पन्न भएको थियो र भिक्षु सोभितले धर्म देशना गर्नु भएको समाचार छ ।

## नगदेश बुद्ध विहार

नगदेश बौद्ध समूह र धर्मोदय सभा मध्यपुर थिमी नगर शाखा नगदेशको संयुक्त आयोजनामा असार पूर्णिमाको दिन नगदेश बुद्ध विहारमा आयोजित २५८९ औं धर्मचक्र प्रवर्तन दिवसको उपलक्षमा श्रद्धेय भिक्षु कोलितबाट धर्मचक्र प्रवर्तन सम्बन्धि सारगर्भित र सान्दर्भिक धर्मोपदेश गर्नु भएको समाचार छ ।

सोही उपलक्षमा तिलगंगा आँखा केन्द्रको पूर्ण सहयोगमा नगदेश बुद्ध विहारमा गत २०५७ असार ३१ शनिवार नि:शुल्क एकदिने आँखा उपचार शिविर संचालन गर्दा मध्यपुर थिमी नगर क्षेत्रका विभिन्न वडाका वासिन्दाहरूले आ-आफ्नो आँखा उपचार गराउनु भयो । ३१५ जवान व्यक्तिहरूले नेत्र परिक्षण गराइएको सो कार्यक्रममा १६ जवान व्यक्तिलाई तिलगंगा आँखा केन्द्रबाट नि:शुल्क अपरेशन सम्पन्न गरेको थियो भने अन्य १६ जवान व्यक्तिको अपरेशन हुन बाँकी रहेको कुरा समाचारमा जनाइएको छ ।

## बौद्ध विद्वान दुण्डबहादुर अभिनन्दित

ललितपुर । रत्नाकर महाविहार युवा समूहको तर्फबाट बौद्ध विद्वान दुण्डबहादुर वज्राचार्यलाई हालै अभिनन्दन गरिएको समाचार छ । सोही कार्यक्रममा यसपाली नर्सरी देखि एस.एल.सी. सम्म उत्तिर्ण भएका महाविहारका १०४ जवान छात्रछात्राहरूलाई पुरस्कार पनि वितरण गरिएको थियो ।

कार्यक्रमका सभापति चक्रेश्वर आजु रत्नबहादुर वज्राचार्यले समुद्घाटन गर्नुभएको उक्त कार्यक्रममा सहभागी हुनुभएका सवैको दिवंगत हुनुभएका पूर्वजहरूको पुण्य स्मृतिमा १ मिनेट मौन धारण गरिएको थियो ।

उक्त कार्यक्रममा समूहका सचिव कर्ण बज्राचार्यले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सम्मानित व्यक्तित्व दुण्डबहादुर वज्राचार्य लगायत समूहका सल्लाहकार दिव्यरत्न वज्राचार्य र सुर्यमान वज्राचार्य आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

उक्त कार्यक्रममा विहारका विधवा वृद्धाहरू र दानरत्न वज्राचार्यलाई रकम पुरस्कार र उपहार प्रदान गरिएको थियो ।

समूहका उपाध्यक्ष आनन्दरत्न वज्राचार्यले स्वागत भाषण गर्नुभएको थियो भने अध्यक्ष शान्तारत्न वज्राचार्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## पश्चिममा पनि बुद्ध शिक्षाको लोकप्रियता

युवा बौद्ध समूह र नेपाल - रुस साँस्कृतिक संघको आयोजनामा हालै एक प्रवचन कार्यक्रम सम्पन्न भएको समाचार छ ।

भिक्षु ज्ञानपूर्णिक महास्थविरले "बुद्ध धर्ममा मानिसहरूको स्थान" विषयमा प्रवचन दिनुभएको त्यस कार्यक्रम युवा बौद्ध समूहका अध्यक्ष शान्तरत्न शाक्यको सभापतित्वमा सम्पन्न भएको थियो । समूहका सल्लाहकार हर्षमुनि शाक्यले स्वागत भाषण गर्नुभएको थियो ।

कार्यक्रममा रुसी साँस्कृतिक केन्द्रका निर्देशक भ्लादिमिर पि इभानोभले रुसमा बुद्धधर्म कसरी भित्रियो र अहिले रुसमा यसको स्थिति कस्तो छ भन्ने विषयमा प्रष्ट पार्नुभयो । बौद्ध विद्वानहरू भुवनलाल प्रधान र डा. रविनमान शाक्यहरूले पनि तिब्बत, मंगोलिया हुँदै दक्षिण साइबेरिया सम्मपनि पुगेको यस धर्मको स्थिति धेरै राम्रो भएको कुरा उल्लेख गर्नुहुँदै त्यहाँका जनताले रोमन क्याथोलिक जस्तै बौद्ध धर्मलाई पनि मनपराएको र आजभोली बौद्ध पुस्तकालय, गुम्बा, मठ पनि निर्माण भइरहेको कुरा उल्लेख गर्नुभयो ।

कार्यक्रमको अर्को चरणमा नेपाल-रुस साँस्कृतिक संघका अध्यक्ष राजेन्द्र अधिकारीले बुद्ध धर्मबारे आफ्नो मन्तव्य व्यक्त गर्नु भएको उक्त कार्यक्रम त्रिरत्न मानन्धरले संचालन गर्नुभएको थियो ।

## बुद्ध मूर्ति प्रतिस्थापन

भोजपुर टक्सार बौद्ध संस्कार गुठीको आयोजनामा जगत बहादुर शाक्यको निवास सिफलमा भिक्षु धर्मशोभन महास्थविरको प्रमुख आतिथ्यमा युवा



Downloaded from http://www.dhamma.digital

श्रामणेरहरू अजित र सागर सहित सयौं बौद्ध उपासक उपासिकाको समुपस्थितीमा नयाँ बुद्धमूर्तिको प्रतिस्थापना सहित ज्ञानमाला भजन, बुद्ध पूजा र परित्राण पाठ गरी सम्पन्न गरियो। भीम शाक्यद्वारा उद्‌घोषण गरिएको सो समारोहमा भिक्षु धर्म शोभनले बुद्धको मूर्ति स्थापना केवल पूजाको लागि नभई तथागतको गुण स्मरण गरी उहाँले देखाएर जानु भएको सत्य मार्गको अनुशरण गर्नको लागि हो भन्नुभयो। सोही अवसरमा सागर श्रामणेरले मनुष्य भएर जन्मनु सार्है दुर्लभ भएकोले यही जन्ममा सत्यमार्गमा लागी सही ज्ञान प्राप्त गर्न कोशिस गर्नुपर्ने कुरा व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा गुठिका सदस्य कृष्णमान शाक्यले स्वागत भाषण गर्नुहुँदै बुद्ध धर्म मात्रै एक वैज्ञानिक तथा वास्तविक धर्म भएको कुरा व्यक्त गर्नुभयो। गुठीका सदस्य खड्ग रत्न शाक्यले गुठीको महत्त्व माथि प्रकाश पार्दै संगठित भएर नै हामी आफ्नो लक्षमा पुग्न सक्ने कुरा व्यक्त गर्नुभयो।

## धर्मोदय सभा बुटवल शाखा

१५ औं स्थापना दिवस

२०५७ भाद्र २१ गते। स्थान- बुटवल जेसिज हल।

धर्मोदय सभा बुटवल शाखाको १५ औं स्थापना दिवस समारोह शाखाका अध्यक्ष श्री आनन्दमान सिंह शाक्यको अध्यक्षतामा सम्पन्न भएको समाचार छ। भिक्षु मैत्रीबाट शील प्रार्थना गराई शुरु भएको उक्त कार्यक्रम लोकदर्शन वज्राचार्यको प्रमुख अतिथित्वमा सम्पन्न भएको थियो। सांसद माननीय सूर्यप्रसाद प्रधान, जि.वि.स. रुपन्देहीका उप सभापति श्री रामचन्द्र ढकाल, प्र.जि.अ. श्री ज्ञानकाजी शाक्य र कार्यवाहक नगर प्रमुख श्री विमल बहादुर शाक्य आदिले भाग लिनुभएको उक्त समारोहमा प्रेमलाल उदासले स्वागत भाषण गर्नुभएको थियो। श्री लक्ष्मीदास मानन्धरले धर्मोदय सभाको ऐतिहासिक परिचय सहित नीति तथा लक्ष प्रकाश पार्नुभयो। यस कार्यक्रमका अन्य वक्ताहरू यसरी हुनुहुन्थ्यो- श्री छत्रराज शाक्य, श्री ऋषीराम भुसाल आदि।

धर्मोदय सभा वुटवल शाखाद्वारा आयोजित रक्तदान कार्यक्रममा रक्तदान गर्नुहुने रक्तदाताहरूलाई प्र.जि.अ. श्री ज्ञानकाजी शाक्यले प्रशंसा पत्र वितरण गर्नुभयो भने सांसद माननीय सूर्यप्रसाद प्रधान ज्यूले स्वास्थ्य शिविरमा सहयोग पुऱ्याउनु हुने चिकित्सक र सहयोगीहरूलाई उपहार प्रदान गर्नुभयो।

वुटवल शाखाको स्थापनाकाल देखि सेवा पुऱ्याउनु हुने पदाधिकारी एवं कार्य समितिका सदस्यहरूलाई प्रमुख अतिथी श्री लोकदर्शन बज्राचार्य ज्यूले कदर पत्र एवं खादा प्रदान गर्नुभएको थियो। समारोहमा शुभकामना एवं मन्तव्य ब्यक्त गर्ने महानुभावहरूको नामावली यसरी रहेको छ– संघरत्न बज्राचार्य, गणेश मान सैंजु, महेन्द्र नारायण श्रेष्ठ, विमल वहादुर शाक्य, ज्ञानकाजी शाक्य, रामचन्द्र ढकाल आदि।

कार्यक्रममा विशिष्ट अतिथी माननीय सांसद सूर्यप्रसाद प्रधानले लुम्बिनीमा अन्तर्राष्ट्रिय विमानस्थल बन्ने शत प्रतिशत संभावना रहेको कुरालाई आधिकारिक रूपमा प्रष्ट्याउनु भयो। नेपाल भित्र अन्तर्राष्ट्रिय विमान स्थल बन्ने संभाव्य स्थल लुम्बिनी बाहेक अरु कुनै ठाउँमा नरहेको कुरा पनि उहाँले बताउनुभयो।

प्रमुख अतिथी श्री लोकदर्शन वज्राचार्यले बुटवल शाखाका अध्यक्ष श्री आनन्दमान सिंह शाक्यलाई स्वयम्भूको चाँदीको प्रतिमा उपहार प्रदान गर्नुभयो।

उक्त कार्यक्रम श्री योगेन्द्र मणी तुलाधर र श्री पूर्ण काजी शाक्यले संचालन गर्नुभएको थियो।

*सम्पादकलाई चिठ्ठी -----*

**संस्कार भारी भएकोले ... ... प्रत्यक्ष रुपले कर्म वनाऊ।**

श्रीमान सम्पादकीय ज्यू,

श्रावण पूर्णीमा वर्ष- १८ अंक- ४ धर्मकीर्ति पत्रिकामा माधव नेपाल ज्यूले (साभार कान्तिपुर) यस पत्रिकामा प्रकाशित शिर्षक "मृत आमा वावुको काज-क्रिया सामाजिक दबाव मात्रै हो त" पढेर हामी धरान बौद्ध संस्कारका सम्पूर्ण परिवारलाई औधी खुशी लागेको छ।

यस समाचार अनुसार डा.डी.वी. सिंहले गर्नु भएको कामको सन्हाना नगरि बस्न सक्दिन्। वहाँको कथनुसार "बाबु आमा मर्दा शोकमा गरिने काजक्रिया अत्यन्तै रुढिवादी र काम नलाग्ने संस्कार भएकोले यसलाई त्याग्नु पर्छ भन्ने मान्यता राखेर नै मैले क्रिया



Downloaded from http://www.dhamma.digital

नवस्ने निर्णय गरेको हुँ" भनि भन्नुभयो र आफ्नो बाबु मर्दा क्रिया बस्नु भएनन् न त उहाँले हिन्दु परम्परा अनुसार कपाल नै खौरिनु भयो ।

वहाँ जस्तै पत्रकार बसन्त पोखरेलले पनि आफ्नो आमा मर्दा हिन्दु संस्कार र परम्परा अनुसार काजक्रिया गर्नु भएन । अर्का ब्यक्ति हरी प्रसाद पोखरेलले आफ्नो आमा बाबुको काजक्रिया गर्नु भएन वहाँको भनाइनुसार "यद्यपी ममा धेरै तीता अनुभवहरू भए पनि मैले बाबुको क्रीया नगरेकोमा मलाई कुनै पश्चाताप छैन" भनि हरीजी भन्नु हुन्छ ।

ज्योतिषी पं. ऋषिकेश शर्माको भनाईनुसार काजक्रिया गर्नाले सामाजिक अनुशासन र सामाजिक विकाश भएको छ भनि भएकोमा त्यसबाट के विकास भएको छ भनि प्रश्न गर्न मन लागेको छ यसबाट पिडा र खर्च मात्र बढी रहेको छ र सूक्ष्म र कारक शरीर दुगर्ती नहोस् भनेर क्रिया गर्ने गरिएको हो भनि भन्नु भएकोमा म के भन्न चाहन्छु भने पण्डितजी पैसा पायो भने खान नहुने चिज खाई देश निकाला गरेको इतिहासमा प्रष्ट उल्लेख छ । पुजाआजा गराउन दक्षिण भारतबाट भट्टहरू ल्याई पुजाआजा गराई राखेको छ । अब १० वर्षमा देशभित्र क्रिश्चीयनहरूले क्रियालाई बाँकी राख्ला त ? विज्ञान कहाँ पुगेको छ ? हामी काहाँ छौं ? यी कुरा आफै विचार गर्नुपर्ला ।

यी इत्यादी कुराको लागि मेजर के.वि.लामा धरान-८ मा तपाईहरूले सर्म्पक राख्नु भएमा वहाँले यी पुराना संस्कार र परम्परालाई २० वर्ष अगाडि नै त्याग्नु भएको अवगत गर्दछु ।

यसप्रकारको समाचारबाट हाम्रो पुरानो रुढिवाडी संस्कारहरू परिवर्तन अवश्य हुन्छ भनि यी लेखकलाई हाम्रो धरान बौद्ध संस्कार परिवारबाट मुरिका मुरि धन्यवाद टक्र्याउँदछु ।

साथै यसै अंकमा प्रकाशित भएका लेखक भिक्षु महास्थवीर अश्वघोषबाट लिखित "आफू देखि आफै दिक्क छु" र लेखक लेख व. राउतबाट रचित "उपदेश त साँच्चैको उपदेश नै हुँदो रहेछ" भन्ने रचनाहरू पनि निकै लोकप्रिय लागेको छ वहाँहरूलाई पनि हाम्रो परिवारको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु ।

**श्री लाल ब.तुलाधर**, धरान-७

*२०५७ साल भाद्र ८ गते, शुक्रवार ।*

## "धरानमा गुँला धर्म (पारु) सम्पन्न"

२०५७ साल श्रावण १७ गते देखि शुरु भएको गुँला धर्म श्री स्वयम्भू चैत्य महाविहार धरान-१२ मा सदा झैं यस वर्ष पनि विभिन्न कार्यक्रम गरी गुँला पारु सम्पन्न गरियो ।

यसै वर्ष स्वयम्भू चैत्य महाविहारको नयाँ कमिटिहरूको गठन गरिएको थियो । जसमा अध्यक्ष श्रीमान् दुर्गाराज शाक्य, उपाध्यक्ष- दुर्गा शाक्य, सचिव पूर्णकाजी शाक्य, कोषाध्यक्ष- देवरत्न शाक्य, सहसचिव- कृष्ण शाक्य, सदस्यहरूमा दुर्गा प्रसाद शाक्य, हर्कराज शाक्य, वेनु भगत शाक्य, हिरा काजी शाक्य, गोबिन्द शाक्य र नरेश शाक्य आदि रहनु भएको छ । वहाँहरू कै सक्रियतामा स्वयम्भू चैत्य महाविहारको भवन निर्माण भैरहेको छ । गुरुजु (गुभाजु) बज्र कुमार बज्राचार्य ज्यूले पनि १ महिना सम्म साँझ नाम स्वति पाठ पढ्ने र ध्यान भावना गर्ने गराउँने काम पनि सम्पन्न भएको थियो । त्यस्तै सधै विहान ८ बजे देखि ९ बजे सम्म उपासिकाहरू भेला भई १ महिना सम्म शील प्रार्थना, बुद्ध पूजा, मैत्री भावना, अशुभ भावना, पूण्यानुमोदन तथा धर्म उपदेश आदि पढ्ने र सुनाउने काम सुश्री गंगा देवी शाक्य र विद्या शाक्यबाट गरिएको थियो ।

भजन कार्यक्रममा स्वयम्भू चैत्य महाविहारका सदस्यहरू, दाफा भजन खल: हरू, सम्यक शिक्षा समूहका सदस्यहरू सहभागी भएका थिए । अन्तिम दिन सम्पूर्ण उपासक उपासिकाहरू दाफा भजन खल सम्यक शिक्षा समूहका सदस्यहरू भेला भई गुँला पारु सफलता पूर्वक सम्पन्न गरिएको थियो ।

अन्त्यमा सो विहारको निर्माण कार्य अझै सम्पन्न हुन सकेको छैन । तथापि यस विहार निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरूमा स्वयम्भू चैत्य महाविहार परिवार हार्दिक कृतज्ञताका साथ धन्यवाद ज्ञापन गर्दछौं ।

## निबन्ध प्रतियोगिताया सिरपा इनेज्या सम्पन्न

यल, २०५७ श्रावण १५-लोटस रिसर्च सेन्टर पाखें बु. सं. २५४४ दँ बुद्ध जयन्तीया पुनीत उपलक्षे आयोजना जूगु "बुद्धधर्मे प्रतीत्यसमुत्पाद" विषयक


Downloaded from http://www.dhamma.digital

निबन्ध प्रतियोगिताया लिच्व: पिथनेगुया नापं सिरपा इनेगु ज्याझ्व: रत्नाकर महाविहार हखबाहा:ले जूगु छगू समारोहया दथ्वी क्वचाल ।

सेन्टरया नायो प्रा. डा. वज्रराज शाक्यया सभापतित्वे जूगु उगु समारोहस मूपाहाँ श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर व विशेष पाहाँ डा. नरेशमान वज्राचार्यपिनिगु आतिथ्ये जूगु ख: ।

उगु समारोहस सेन्टरया व्यवस्थापक सि.बि. वज्राचार्यं लसकुस यानादिसे सेन्टरं भिंछदँ न्ह्य: निसें बुद्ध जयन्तीया उपलक्षे निबन्ध प्रतियोगिता ज्याझ्व: निरन्तर रुपं न्ह्याकाव:गु खँ कनादिल । नापं थुगुसीनिसें न्यादँ तकया लागी निबन्ध प्रतियोगिताया सिरपाया निर्तिं साहु ज्ञानज्योति कंसाकारपाखें आर्थिक ग्वाहालि यानादिइगु खँया जानकारी नं बियादिल ।

सेन्टरया अधिकृत मधुर शाक्यं निबन्ध प्रतियोगिताया प्रतिवेदन न्ह्यब्वसे न्यंका दिइगु निबन्ध प्रतियोगिताया लिच्व: कथं महेन्द्ररत्न शाक्य यल प्रथम, पुष्परत्न शाक्य ख्वप द्वितीय व तीर्थरत्न शाक्य यें तृतीय घोषित जूगु जुल । ख्वपया तेजरत्न शाक्य व येँया निरनकुमार राजवंशीयात सान्त्वना सिरपा ला:गु जुल ।

उगु समारोहले मूपाहाँ भिक्षु बुद्धघोष महास्थविरं प्रतियोगिताय् न्हाप, ल्यू, लियाल्यू व अन लिपाया निम्हसित कथहं प्यद्वो, स्वद्वो, निद्वो व न्यास न्यास सिरपाया नापं सहभागी सकलसित दसिपौ व सेन्टरपाखें प्रकाशन जूगु पलेस्वां पत्रिका ल:ल्हाना बिज्यात ।

समारोहस भिक्षु बुद्धघोष महास्थविर, डा. नरेशमान वज्राचार्य व सेन्टरया सल्लाहकार लिपि विशेषज्ञ पं. हेमराज शाक्यपिन्सं मन्तव्य बियादिल ।

समारोहया अन्तय् सभापतिया आसनं न्वंवासे प्रा. डा. वज्रराज शाक्यं निबन्ध प्रतियोगितापाखें अनुसन्धानया ज्याय् तिब: बिइगु खँ उल्लेख यानादिल । नापं भविष्ये सहभागीपिनिगु ल्या: बढे जुइगु आशा व्यक्त यानादिइसे निबन्धकारपिन्त व समारोहस उपस्थित जुयादिइपिं सकलसित सुभाय् देछाया दिल ।

**लोटस रिसर्च सेन्टरपाखें बनेपाय् अनुसन्धान विधि तालिम**

बनेपा, २०५७ भाद्र ४ गते । लोटस रिसर्च सेन्टर पाखें बुद्धधर्म व बौद्ध संस्कृति विषयय् अध्ययन अनुसन्धान यायेगु तरीका (रिसर्च मथोडोलोजि) बारे लच्छियागु तालिम संचालनया संदर्भे थौं जिल्ला परिवार नियोजन संघ, बनेपाया बैठक कक्षे सेन्टरया अध्यक्ष प्रा. डा. वज्रराज शाक्यया सभापतित्वे छगू शुभारम्भ कार्यक्रम संचालन जुल ।

मुक्कं भिंन्याम्ह सहभागीतय्सं ब्वतिका:गु उगु तालिम कार्यक्रमे सेन्टरया व्यवस्थापकं सेन्टरयागु परिचय, सेन्टरया स्थापनानिसें थौंतक यानावोगु अध्ययन अनुसन्धान, दुर्लभ बौद्ध ग्रन्थया अनुवाद, प्रकाशन, अनुसन्धान तालिम, निबन्ध प्रतियोगिता आदि थी थी ज्याझ्व: न्ह्याका वयाच्वंगु जानकारी बिसे स्वागत भाषण यानादिल । तालिम ज्याझ्व:या प्रमुख प्रशिक्षक डा. भद्ररत्न वज्राचार्यं तालिमया उद्देश्य, पाठ्यक्रम आदि लच्छिया पाठ्यवस्तुया बारे विस्तृत चर्चा यानादिल । सुस्त मनस्थिति कल्याण कार्यालय बनेपाया तीर्थराज शाक्य व संस्कृति विज्ञ सप्तरत्न शाक्यपिन्सं तालिम आयोजना जूगुलिं खुशि व्यक्त यासे मन्तव्य बियादिल ।

कार्यक्रमया अन्तय् प्रा. डा. वज्रराज शाक्यं सभापतिया आसनं मन्तव्य बियादिसे छुंनं विषययागु सत्य तथ्य खँ सिइकेत अध्ययन अनुसन्धान यायेगु आवश्यकता जुया थुगु तालिम कार्यक्रमे ब्वतिका:पिं सकल सहभागी प्रशिक्षकतपाखें तालिम लिपा सुंक मच्वंसे बुद्धधर्म व बौद्ध संस्कृतिया अध्ययन अनुसन्धान याना बौद्ध संस्कृति संरक्षण व संवर्द्धन जुइगु ज्या जुइ धैगु विश्वास यानादिल ।

उगु कार्यक्रम काभ्रे क्याम्पसया उप-प्रमुख प्रकाश शाक्यं न्ह्याकादिगु ख: ।

**गुंलाया धर्मदेशना क्वचाल**

यल, भाद्र १४ गते । लोटस रिसर्च सेन्टर, रत्नाकर महाविहार संरक्षण समिति व रत्नाकर महाविहार ल्याय्म्ह पुच:या मंका: ग्वसालय् गुंलाया पुनीत लसताय् आर्य नामसंगीतिया आधारय् पञ्चज्ञानया बारे सैद्धान्तिक व व्यवहारिक पक्षया विषयय् रत्नाकर महाविहारस् भिंछन्हू तक जूगु धर्मदेशना म्हिग: छगू समारोहया दथ्वी क्वचाल । बौद्ध विद्वान द्वय भाजु सद्धर्मराज वज्राचार्य व भाजु हेराकाजी वज्राचार्यपिं पाखें धर्मदेशना जूगु ख: ।



Downloaded from http://www.dhamma.digital

अन्तिम दिं कुन्हु धर्मदेशक गुरुपिं व श्रोतागणपिं पाखें सामूहिक रुपं नामसंगीति पाठ जूगु समापन समारोहलय् धर्मदेशकपिं प्रति कृतज्ञता व सुभाय् देछासे उपहार दान प्रदान या:गु जुल । समारोहस प्रा. डा. वज्रराज शाक्य, पं. हेमराज शाक्य, सूर्यमान वज्राचार्य, भिमरत्न शाक्य, सिद्धिरत्न वज्राचार्य, शान्तरत्न वज्राचार्यपिसं नामसंगीतिया उच्च दार्शनिक पक्ष, नेपाले उकीया लोकप्रियता, जनजीवने लानाच्वंगु प्रभाव आदि यात क्या मन्तव्य बियादिल ।

आर्य नामगंगीति नां जा:गु प्रमुख बौद्धतन्त्र ख: । सेन्टरया व्यवस्थापकं धन्यवाद ज्ञापन यानादिइगु उगु समारोहया ज्याइव: सेन्टरया मधुर शाक्यं न्ह्याकादिइगु ख: ।

## वार्षिक उत्सव तथा पुरस्कार वितरण

यल उप म.न.पा. या मेयर बुद्धिराज बज्राचार्यया मू पाहाँसुइ श्री सिद्धि मंगल बौद्ध परियत्ति केन्द्रया स्वक्व:गु वार्षिक उत्सव तथा प्रेरणा पुरस्कार वितरण समारोह क्वचागु समाचार दु ।

श्रद्धेय बुद्धघोष महास्थविरया सभानायकत्वे न्ह्या:गु थुगु ज्याइवले विहारया उप-सचिव मंगलदास महर्जनं लसकुस न्वचु बियादिल । ज्याइवले केन्द्रया अध्यक्ष विमला शाक्यं वार्षिक प्रतिवेदन न्ह्यब्वयादीगु ख:सा केन्द्रया उपाध्यक्ष बुद्धि बहादुर महर्जनं सुभाय न्वचु वियादीगु ख: ।

मू पाहाँ पाखें बु.सं.२५४३ दँय् परियत्ति कक्षा १ निसें ३ तक उत्तीर्ण जूपिं विद्यार्थीपिं व अतिरिक्त क्रियाकलापे ब्वति का:पिं नापं शिक्षिकापिन्त श्रद्धेय भन्तेपाखें पुरस्कार वितरण याना बिज्यात ।

ज्याइवले मू पाहाँ पाखें न्वचु विइगु इवले "बौद्ध परियत्ति शिक्षां थवं थवय् दया करुणाया भावना ब्वलंकी । समाज विकास यायेत बुद्ध धर्म प्रचार प्रसार याय्मा:गु दु । न्वचु विइगु इवले गा.वि.स. या अध्यक्ष कृष्ण कुमार महर्जन श्रद्धेय भिक्षु निग्रोध, अनगारिका ज्ञाणवती केन्द्रिय दायक परिषदया नायो: बखत बहादुर चित्रकार पिन्सं बौद्ध परियत्ति शिक्षाया महत्वबारे कनादीगु ख: ।

वार्षिक उत्सव कुन्हु भोजन व जलपानया व्यवस्था यल हौगल वडा नं १८ या विहार जग्गा दाता कृष्ण कुमार महर्जनया काय् विकास महर्जनया बुदिंया लसताय् दान या:गु ख: ।

थुगु परियती या वार्षिक उत्सव या ज्या भोले रत्नलाल मानन्धर भक्तपुर पाखें परियती शिक्षा संचालन यायत ५१०।- दाँ चन्दा तयादिल । ल.पु. सिद्धीपुर गा.वि.स. या अध्यक्ष कृष्ण कुमार महर्जनं थुगु परियत्ति शिक्षा यात ३ स्वंगु महिना यात १०००।- दाँ हिसाबं दछितक सहयोग याना बिगु बचँ बिया दिल ल.पु. सिद्धिपुर वडा नं ८ पिथगाउँ टोले च्वंम्ह ज्ञानिमहर्जनं ७२८।- दाँ व सिद्धीपुर वडा नं १ च्वंम्ह हरिगोविन्द महर्जन ७२८।- दाँ व ल.पु. इखा तोले च्वंम्ह धर्मरत्न पाखेँ ७२८।- दाँ स्वम्हसिगु पाखेनं दच्छि छम छम सित दति तक यात बस भाडा या लागी चन्दा सहयोग याना दिल ।

## टोखाय धार्मिक कार्यक्रम

संघाराममा भिक्षु सद्धातिस्स व भिक्षु कोलित पिनि आयोजनाय् २०५७ आश्विन ६ गते टोखाय् बुद्ध पूजा व धर्म देशनाया ज्या झो झ:झ: धायक पूवन । उगु पुण्यकार्यस संघारामया ज्ञानमाल खल:, बलम्बुया भजन संघ व थिमी नगदेशया ज्ञानमाला समूह जम्मा स्वंग बसे च्वना ब्वतिकया न्ह्याइपुक ज्ञानमाला भजन न्यंका वातावरण बांलाका बिल । बुद्धपूजां लिपा भिक्षु अश्वघोष महास्थविरं धर्मदेशना याना धयाबिज्यात– अज्ञानीपिं ज्ञानी याय्त थज्योगु कार्यक्रम बरोबर दय्का च्वनेमा: ।

न्हापां देवराज जोशीं लसकुश याना धैदिल– आपा हे मदुनि स्वयम्भू ज्ञानमाला खलया कार्यक्रम थन जूगु आ: हानं याकन हे छिक पिन्त स्वागतयाय् दया साब लय्ता वो । अन्ते गजराज जोशी धन्यवाद बिया धयादिल बुद्धया शिक्षा प्रचार याय्त थन थ्यंक झाया दीगुलिं मुरिं-मुरिं धन्यवाद । अन झापिं सकसितं टोखा श्री भगवती क्लब परिवारपाखें नकेगु व मेमेगु मागु व्यवस्था याना दीगु समाचार दु ।

अन बिज्यापिं झापिं सकसितं पिने ध्वाखां निसें थासे थासे पूर्णकलश तया बाजा-गाजा थाना लसकुश यागु लुमंके बहजु ।



Downloaded from http://www.dhamma.digital

आजभोली मानिसहरूको चित्त र चेतनामा इमान्दारीता, धर्माचरण र विश्वासको कमी भएर गए जस्तै प्रकृतीको स्वभावमा पनि भरपर्दो विश्वास गर्न लायक नियमितता र निश्चित नियमहरू नै खस्कँदै गएको देखिन्छ। किनभने हामीले देखिरहेका छौं, यसपाली चैत्र महिना देखि शुरु भएको वर्षाले हाल आश्विन महिना शुरु भइसक्दा पनि थाम्ने विचार गरेको छैन। श्रावणे झरीले आश्विन महिनालाई समेत छोडेको छैन।

तैपनि आज त सदस्यहरू ठीक समयमा नै उपस्थित भएको देखें। यसरी पानी परेपनि ठीक समयमा नै उपस्थित हुन सक्नुको प्रमुख कारण हामीमा संस्कार सुधिएकोले हो कि ? यसलाई त अर्को भाषामा प्रगतिको नाम पनि दिन सकिन्छ। कार्यक्रममा ठीक समयमा उपस्थित हुन सक्नु नै राम्रो लक्षण हो हाम्रो। यसले हाम्रो अमूल्य समयको सदुपयोग नै भएको छ। हुनत हाम्रो संस्कारमा यति पनि प्रगति नभए, यति पनि परिवर्तन ल्याउन नसके यस धार्मिक र शिक्षात्मक छलफल कार्यक्रमको प्रयोजन नै के रह्यो र ? हामीलाई त भक्तिमार्गबाट माथि उक्लेर ज्ञान मार्गी बन्नु परेको छ। आत्मालोचना गर्ने बानी बसाली आ-आफ्नो खराब आचरणहरू सुधार्न सक्नु परेको छ।

लौ त आजको कार्यक्रम शुरु गरौं। आज नयाँ अनुहार लिएर आउनु भएको तपाईंको परिचय पाउँ न। सहभागी – म त धर्मज्ञान बारे इच्छुक भएको नयाँ ब्यक्ति परें। म आज त ठिमीबाट आएको हुँ। तैपनि हाल म बनेपामा रही ब्यापार कार्यमा संलग्न रहेको छु। मैले बनेपाको ध्यानकुटी विहारबाट २।३ वटा पुस्तकहरू पाएको छु। धेरैजसो ज्ञानहरू सिक्न बाँकी नै छ। पुस्तकमा धेरैजसो शब्दहरू त बुझ्न नै सकिन मैले। यी शब्दहरू यसरी छन्-

सन्दर्शित, सम्प्रतिष्ठित, सम्पसादन लक्षण आदि आदि। आयोजक – यी बाहेक तपाईंका अरु पनि प्रश्नहरू बाँकी छन् कि ? सहभागी- अरु त ध्यानको विषयमा सोध्न मन लागेको छ। विपश्यना भनेको के हो ? यस विषयमा जानकारी लिने इच्छा छ मेरो। अर्को कुरो म ध्यान वस्दा मेरो शरीर काँप्न थाल्छ र कहिले काहिं जीऊ चिलाउने गर्छ, किन होला ?

तपाईंले त बडो राम्रो र गम्भिर प्रश्न सोध्नु भयो। यो त ध्यान गुरुसंग सम्पर्क राखी सोध्ने प्रश्न हो। ध्यान भनेको कुरो अनुभवी ध्यानगुरूको सम्पर्कमा रही आफैले अभ्यास गरी बुझ्न सकिने विषय हो। त्यसैले हामीले तपाईंलाई सुझाव दिन चाहन्छौं- बुढानिलकण्ठ स्थित मुहान पोखरीमा धर्मश्रृङ्ग विपश्यना ध्यान केन्द्र रहेको छ। त्यहाँ धेरै जसो दश दिने विपश्यना ध्यान शिविर चल्ने गर्छ। जमल स्थित ज्योती भवनमा यस विषयको सम्पर्क राखी दर्खास्त राखी ध्यान शिवरमा ध्यान बस्नु भए बेश हुनेछ।

जहाँसम्म विपश्यनाको कुरो आउँछ, हामीलाई थाहा भए अनुसार हाम्रो भित्री मन देखि यस शरीर सम्बन्धी अनित्य, दुःख र अनात्म विषयमा विचार गरी यथार्थ रुपमा बुझ्नु, अन्तर्मुखी हुनु, आफुले आफैलाई राम्ररी चिन्ने तरीकालाई विपश्यना भनिन्छ। यसको लागि आफ्नो मनलाई नचाहिने कुरामा ध्यान नदिई एकाग्र गर्न सक्नु पर्छ। यसको लागि आर्य मौनको अत्यावश्यक छ। ध्यान बस्दा आफ्नो चित्तमा मैत्रीलाई स्थान दिई आचरण शुद्धि हुनु आवश्यक छ। यसरी कुरा गरेर मात्र र शब्दमा मात्र ध्यान सम्बन्धी प्रयाप्त मात्रामा सन्तोषजनक उत्तर प्राप्त हुन सक्दैन होला। किनभने ध्यान भनेको अभ्यास गर्नुपर्ने कुरो हो।

अर्को नयाँ सदस्यको पनि परिचय पाउँ न।

सहभागी- म पाल्पा तानसेनबाट आएको। मलाई केही समय पहिला देखि बुद्ध धर्म सम्बन्धी थुप्रै प्रश्नहरू सोध्ने इच्छा भइरहेको थियो। मैले कतिपय धर्मावलम्बीहरूसंग प्रश्न गर्दा सन्तोषजक उत्तर पाउन सकिन। अहिले म आफ्नै नीजि काममा काठमाडौं आएको थिएँ। यहाँ छलफल कार्यक्रम संचालन हुँदैछ भन्ने कुरो थाहा पाएकोले यहाँ पनि भाग लिन आएँ।

आयोजक- तपाईंको प्रश्न के होला ?

सहभागी- मेरो पहिलो प्रश्न यसरी छ, भगवान बुद्धले ध्यान गरेर ज्ञान त प्राप्त गर्नुभयो तर उहाँले कुन वस्तु, व्यक्ति र कुन भगवानलाई सम्झेर ध्यान गर्नु भएको होला ? जसबाट उहाँले वरदान स्वरूप ज्ञान प्राप्त गर्नु भयो ? कोही ज्ञानीजनहरूसंग प्रश्न सोध्दा यस्तो पनि जवाफ पाएँ- "आजसम्म जति पनि महापुरुषहरूले ज्ञान

(बाँकी पछाडि पेजमा)



Downloaded from http://www.dhamma.digital

प्राप्त गरे, ती सबै शिवशक्तिबाट नै प्राप्त गरेका हुन्।" के यो सत्य हो ?

आयोजक- तपाईँको प्रश्न त निक्कै लामो र राम्रो पनि रहेछ । शिद्धार्थ कुमारले कुनै पनि व्यक्ति वा भगवानको भरोसामा ध्यान गरेर ज्ञान प्राप्त गर्नु भएको होइन । आफ्नै स्वतन्त्र चिन्तन, स्व अनुभवले विपश्यना ध्यान अभ्यास गरेर अर्थात् अन्तर्मूखी भई आफुलाई राम्ररी चिनेर आफ्नो मन भित्रको सारा विकार र कुसंस्कारलाई त्यागेर संसारको यथार्थ चार आर्यसत्यहरू (संसार दुःखमय छ, दुःखको कारण छ, दुःखलाई अन्त्य गर्न सकिन्छ र दुःख अन्त्य गर्नको लागि उपाय र बाटो छ जसलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ) लाई पत्ता लगाएर बुद्धत्त्व अर्थात् बोधिज्ञान प्राप्त गर्नु भएको हो। त्यसैले यसलाई शिवशक्ति भन्न मिल्दैन ।

सहभागी- भगवान बुद्धले आत्मा, परमात्मा, पूर्वजन्म र पुनर्जन्म तथा स्वर्ग र नरक जस्ता कुराहरूलाई निरर्थक भन्नु भएको छ भनेर धर्मकीर्ति पत्रिकामा उल्लेख गरेको कुरोलाई मैले धेरै पटक पढ्ने मौका पाएको छु । तर सोही पत्रिकाको कुनै कुनै लेखहरूमा बुद्धले कसैकसैलाई यो तिम्रो पूर्व जन्मको फल हो, तिमी पूर्वजन्ममा यस्तो थियौ ... ... आदि आदि भन्नुभयो भन्ने विषयहरू पनि उल्लेख गरेको पाएको छु। सत्य कुरो के होला ? यस विषयमा भ्रम निवारण गर्न पाए हुन्थ्यो ।

आयोजक- मनासिव प्रश्न राख्नु भयो। धन्यवाद छ यहाँलाई । धर्मकीर्ति पत्रिकाको कुरोलाई छाडौं । यो कुरो त बुद्धले नै भन्नुभएको थियो- "पुस्तकमा उल्लेखित छ, विद्वान गुरुले भनेको भन्दैमा त्यसमा तुरुन्त विश्वास गर्नु राम्रो हुँदैन । आफ्नो स्वतन्त्र चिन्तनले राम्ररी विचार गरी ठीक वेठीक छुट्याएर मात्र विश्वास गर्ने बानी बसाल्नु पर्छ । बुद्धको शिक्षा अनुसार त हामीले यही वर्तमान जीवनलाई सुधार्ने कार्य गर्नु सवभन्दा राम्रो र प्रमुख कुरो हो । हाम्रो वर्तमान जीवन सुधिएपछि त अतीत र भविष्य त्यसै ठीक हुन्छ नि ।

कुरो छ धर्मकीर्ति पत्रिकाको। जहाँसम्म हामीलाई लाग्छ, यो पत्रिका त ग्राहकहरूको आधारमा प्रकाशित हुन्छ । सबै ग्राहकहरू ज्ञानले परिपूर्ण छैनन् । धेरै जसो ग्राहकहरू ज्ञान मार्ग भन्दा भक्तिमार्गको तहसम्म पुगिरहेका छन् । ज्ञानको तहमा पुग्न नसकेका बुढापाकाहरूलाई पूर्वजन्म र पुनर्जन्मको विषयमा उल्लेख गरिएका कथाहरूले प्रभाव पार्नुपर्ने हुन्छ । भक्तिमार्गको तहबाट विस्तारै ज्ञानमार्गमा पठाउने उद्देश्यले पनि यस्तो विषयहरू संलग्न गर्न बाध्य पर्दो रहेछ । कुरा बुझ्नुभो होइन ? बरु तपाईंलाई एउटा सुझाव दिन चाहन्छौं । हामीले लुगा धुने साबुन किन्न जाँदा लुगा धुने साबुन किन्छौं र फर्कन्छौं । त्यस समयमा हामीलाई लुगा धुने साबुन बाहेक अरु सामानहरूसंग कुनै सरोकार नै हुँदैन । त्यसरी नै पत्रिका पढ्दा पनि स्वतन्त्र चिन्तनलाई प्रयोगमा ल्याई आफूलाई काम लाग्ने विषय र ज्ञान मात्र ग्रहण गरौं । अन्य चाहिने नचाहिने विषयहरूमा रुमल्लिने बानीलाई त्यागौं। असत्य कुराहरूलाई छोडी ज्ञान वर्द्धक कुरा मात्र चुन्ने बानी बसालौं ।

त्यसैले होला नराम्रो कामको परिणाम नरक भोग र राम्रो कामको फल स्वर्गको सुखभोग देखाई धर्मले मानिसहरूलाई नराम्रो कामगर्नेलाई नरकको धम्की र राम्रो काम गर्नेलाई स्वर्गको प्रलोभन देखाइदिएको छ ।

तपाईँको अरु पनि प्रश्नहरू बाँकी छन् कि ?

सहभागी- छन् । अर्को एउटा प्रश्न त बाँकी नै छ। भगवान बुद्धका अनुयायीहरू धेरै छन्। बुद्धलाई खूब पूजा सम्मान पनि गरिन्छन् । बुद्धको उपदेशलाई खूब प्रशंसा गरिन्छ। तर आ-आफ्नो आचरण र व्यवहारहरू भने उल्टो भइरहन्छ। साम्प्रदायिक भावना, अन्धविश्वास, पूर्वाग्रह, घमण्ड र ईर्ष्या गर्ने आदि स्वभावलाई जानाजानी यथावत कायम राख्ने र झूठो कुरो बोल्ने बानीलाई देख्दा ज्यादै दिक्क लाग्ने गर्छ। के गर्नु ?

आयोजक- तपाईँलाई अर्काको दुर्गुण र दुर्व्यवहार मनपर्दैन भने तपाईं आफै त्यस्तो दुर्गुण र दुर्व्यवहारबाट टाढा रहन प्रयत्न गर्नुस् । तपाईं आफै असल व्यक्ति बनेर व्यवहार गर्नुस् । अनि तपाईको मनमा शान्ति मिल्छ कि ? अरुले मासु खाएको मन नपरे तपाईँले मासु नखानुस् । तर आफूलाई मासु नखाने शुद्ध शाकाहारी व्यक्तिको रुपमा प्रस्तुत गर्दै मासु खाने अरु व्यक्तिहरूप्रति घृणा दृष्टीले हेरी घमण्डी नबन्नुस् । सकेसम्म मैत्री चित्त राख्ने प्रयत्न गर्नुस् । आजभोली निर्दोष व्यक्ति खोज्न कठिन छ । हामी आफू स्वयंले अरुलाई अप्ठयारो पर्ने गरी जीवन यापन नगरौं । असल मानिस बन्ने प्रयत्न गरौं ।

आजको छलफल त धेरै गहन भएको देखिन्छ । किनभने आज धेरै महत्त्वपूर्ण बुद्ध दर्शनहरू बारे छलफल गरियो । राम्रै भयो । यतिञ्जेल सम्म त झरी पनि थामिसकेछ । अब आ-आफ्नो घरतर्फ लागौं पनि । आजलाई बिदा !

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५० फ्याक्स : (९७७-१) २५९६७८
Downloaded from http://www.dhamma.digital